का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० मंसिर २०८२
शनिबार
6 December 2025
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक २९६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



कभर स्टोरी

# महारानीलाई जन्मकैद

**मान्छे मारेर समातिएका महारानी, बगौरा, जगती र प्रताप चिडियाखानामा आजीवन बन्दी बनेका छन् । जंगलको फराकिलो क्षेत्र गुमाएका यी बाघ साघुँरो पर्खालभित्र निरन्तर फन्को लगाउँदै तनावमा देखिन्छन् । उनीहरुको प्राकृतिक व्यवहारदेखि बासस्थानसम्म बदलिएको छ । यो कुनैबेला मान्छेको ज्यान लिएर अहिले मानिसकै सहारामा बाँचिरहेका तिनै बाघहरुको कथा हो ।**

■ अस्मिता बम / मध्यान्ह

कसैको ज्यान जानेगरी शारीरिक चोट वा क्षति पुऱ्याए के हुन्छ ? मुलुकी अपराध संहिता २०७४ को दफा १७७ ले जन्मकैदको सजाय तोकेको छ । जन्मकैद अर्थात् २० वर्षपछि अपराधमा संलग्न व्यक्ति घर फर्किन पाउँछ ।

अनि, मान्छे खाने बाघलाई नि ?

ठ्याक्कै कानुनी सजाय नतोकिए पनि नरभक्षी बाघलाई आजीवन चिडियाघरमा राखिँदै आएको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट बाहिर निस्केर २०८० वैशाखमा मान्छे मार्ने 'महारानी' होस् वा २०७७ चैतमा बर्दियाको बगौरीफाँटमा आक्रमण गर्ने बगौरा अहिले जाउलाखेलको सदर चिडियाखानामा छन् । उनीहरूसँगै चितवनको जगतपुरमा २०७५ पुसमा मान्छे मारेको 'जगती' र पर्साको प्रतापपुरमा २०७७ जेठमा मान्छे मार्ने 'प्रताप' पनि यहीँ छन् ।

जंगलमा आफ्नो क्षेत्र बनाएर बसेका बाघ चिडियाखानामा थुनिएपछि स्वभाव नै फेरिएको छ । ठुलो पर्खाल र फलामले बारेर उनीहरूको बासस्थान बनाइएको छ । त्यसलाई दुई भागमा छुट्याइएको छ । 'बगौरा' र 'महारानी' एकपट्टि बस्छन् भने 'प्रताप' र 'जगती' अर्कोपट्टि । जंगलको अनुभूति गराउन पर्खालभित्रै ससाना ओडार बनाइएको छ ।

विस्तृत समाचार पृष्ठ २ मा

■ रिसालु महारानी
■ उग्र बगौरा
■ जिद्दी जगती
■ भद्र प्रताप

## बाघको बढोत्तरी

सन् २०१० — १२१
सन् २०१८ — २३५
सन् २०२२ — ३५५

■ चितवन : १२८
■ पर्सा : ४१
■ बाँके : २५
■ बर्दिया : १२५
■ शुक्लाफाँटा : ३६

स्रोत : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

वैदेशिक रोजगार विशेष

## कन्सुलर विभागबाट प्रमाणित प्रहरी रिपोर्टका आधारमा युएईको भिसा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ मंसिर

संयुक्त अरब इमिरेट्स (युएई)ले परराष्ट्र मन्त्रालय कन्सुलर विभागबाट प्रमाणित प्रहरी रिपोर्टका आधारमा श्रम भिसा जारी गर्न थालेको छ । युएईले नेपाली नागरिकले भिजिट र श्रम भिसाका लागि एप्लाई गर्दा नेपाल प्रहरीले जारी गरेको असल चालचलन रिपोर्ट नेपालस्थित युएईको राजदूतावास तथा कन्सुलर विभागबाट एटेस्टेसन अनिवार्य गरिएकोमा वैदेशिक रोजगार व्यवसायीबीच चल्तीको भाषा मिनिस्ट्र अफ फरेन एफियर्स 'मोफा' कन्सुलर विभागबाट प्रमाणीकरण गरेको भए पुग्ने भएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको युएई समस्या हेर्ने जिम्मेवारी पाएका तृतीय उपाध्यक्ष वैकुण्ठ पौडेल 'वैभव'ले गत भदौको अप्रत्यासित जेनजी आन्दोलनपछि अघोषित रूपमा रोकिएको भिजिट भिसा खुलाउँदा प्रहरीले दिने चालचलन रिपोर्ट 'मोफा' र युएई राजदूतावासबाट अनिवार्य प्रमाणीकरण गरिएकोमा केही दिनयता युएई राजदूतावास प्रमाणीकरण नभई 'मोफा' गरेको प्रहरी चालचलन भए पनि सहज रूपमा भिसा जारी हुन थालेको छ । युएईले गरेको भिसासम्बन्धी कार्यशैलीमा परिवर्तन भएपछि व्यवसायीको समय र रकम बचत भएको उनले टिप्पणी गरे । जेनजी आन्दोलनपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र युएईमा कामदार पठाउने वैदेशिक रोजगार व्यवसायीले प्रहरी रिपोर्ट लिई नेपालीका लागि भिसा खुलाउन पहल गर्न युएईस्थित नेपाली राजदूतावास र नेपाल सरकारलाई आग्रह गर्दै आएका थिए । नेपालमा भएको जेनजी आन्दोलनपछि युएईले वर्किङ भिसामा अघोषित रोक लगाउँदा नेपालबाट जाने नयाँ कामदारको संख्यामा ६० प्रतिशत हाराहारीमा कमी आएको थियो भने युएईको हकमा गत वर्ष कात्तिकको तुलनामा यस वर्ष कात्तिकमा संस्थागत रूपमा ९८ प्रतिशतभन्दा बढीले कमी आएको थियो । गत वर्ष कात्तिकमा १४ हजार २९ जना युएई गएकोमा यस वर्ष कात्तिकमा २ सय ६५ जना मात्रै गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

## चार दल चुनाव हुनेमा ढुक्क एमालेलाई संसद् पुनर्स्थापनाकै आस



**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, १९ मंसिर

सरकारले चुनावी वातावरण बनाउन नसकेको टिप्पणी गर्दै आएका राजनीतिक दलहरू अन्ततः चुनावलाई सफल बनाउनतिर केन्द्रित भएका छन् । प्रधानमन्त्री सुशीला कार्कीले बोलाएको सर्वपक्षीय बैठकमा नेकपा एमालेबाहेकका राजनीतिक दलबीच मतैक्यता देखिएको हो ।

आसन्न निर्वाचनको विषयमा छलफल गर्न बसेको सो बैठकमा सबै पक्ष चुनावप्रति सकारात्मक देखिएको छलफलमा सहभागी नेपाली कांग्रेसकी नेता पुष्पा भुसालले बताइन् । 'चुनाव केन्द्रित आजको बैठक पृष्ठ ५ मा

मध्यान्ह
www.madhyanhadaily.com
२० मंसिर २०८२ शनिबार
6 December 2025 Saturday

कभर स्टोरी

# महारानीलाई जन्मकैद



बीचमा सानो पोखरी छ । छेउछाउमा झाडी पनि छ । झाडीका बीचमा पनि बस्न मिल्ने बनाइएको छ । तैपनि, बाघका लागि त्यो बासस्थान कुनै काराबासभन्दा कम छैन । उनीहरू त्यही पर्खालभित्रै छट्पटाएर यताउता डुलिरहन्छन् । एउटै ठाउँमा पटकपटक एकोहोरो फन्को लगाइरहँदो दृश्यले बाघको बेचैनीलाई झल्काउँछ । बाघ मांसाहारी र एकान्तप्रिय वन्यजन्तु हो । तर चिडियाखानाका बाघले न चाहे जति मासु खान पाउँछन् न त एकान्त वातावरण नै । निश्चित समयमा पाउने तोकिएको आहाराले उसको जीवनलाई संकुचित बनाइदिएको छ । चिडियाखानामा वन्यजन्तु हेर्न हरेक दिन सयौंको घुइँचो लाग्छ । त्यसले पनि बाघका लागि शान्ति छैन । ओडारसम्मै सुनिने हल्लाले बाघ राम्ररी सुत्नुसमेत पाउँदैन । आफैं सिकार गर्ने वातावरण त झन् छँदै छैन । सम्भवतः त्यसैको प्रतिक्रिया बाघहरूले गर्जिएर दिइरहेका हुन्छन् ।

पर्खाल पछाडिको भागमा बाघलाई आहारा दिन फलामकै ससाना कोठा बनाइएका छन् । ताकि बाघले आहारा दिन जानेमाथि नै आक्रमण नगरोस् । ती कोठामा मासु राखिदिएर बाघलाई बोलाइन्छ । पर्खाल र कोठा जोड्ने फलामकै ढोका छ । जसलाई माथिबाटै नियन्त्रण गरिएको हुन्छ । ती सबै बाघ हेरालुकै जिम्मा हुन्छ । यसका लागि उनीहरूलाई विशेष तालिम दिइने गरेको सदर चिडियाखानाका प्रमुख सत्यनारायण साहले बताए । 'त्यो ढोका खोल्दा सन्तुलन बिग्रिएमा बाघलाई चोट लाग्न सक्छ । त्यसैले विशेष सावधानी अपनाइएको हुन्छ,' उनले भने । आहारा खाएपछि बाघलाई पुनः पर्खालभित्रै पठाइन्छ ।

संसारका सबै प्राणीलाई स्वतन्त्रता प्यारो हुन्छ । बाघ मात्र अपवाद छैन । लामो समय बन्दी जीवन बिताउनुपर्दा बाघमा पनि तनाव, आक्रोश र स्टेरियोटाइपिक बिहेवियर (बारम्बार एकै ठाउँ घुमिरहने) स्वाभाव हुने वाइल्ड लाइफ लेखक ददी सापकोटा बताउँछन् । साथै, अपर्याप्त स्थान र अनुचित हेरचाहले स्वास्थ्यसम्बन्धी समस्या पनि बढ्ने उनी बताउँछन् ।

चिडियाखानाका प्रमुख साह भने उचित व्यवस्थापन, प्रशस्त खुला स्थान, वातावरणीय समृद्धि र वैज्ञानिक हेरचाहले चिडियाखानाका बाघहरूको जीवनस्तर सुधार आएको बताउँछन् । सोही कारण जंगलमा बस्ने बाघको तुलनामा चिडियाखानाका बाघको आयु लामो हुने गरेको दाबी गर्दै उनी भन्छन्, 'जंगलमा बस्ने बाघ आफ्नै तरिकाले बसेको हुन्छ । सिकार पाउँदा खान्छ, नपाए भोकै बस्छ । तर यहाँ समयसमयमा आहारा पाउँछ, सुरक्षित हुन्छ । त्यसैले यहाँ बस्ने बाघको आयु पाँच वर्ष भए पनि बढी हुन्छ ।'

साहका अनुसार, कतिपय बाघका लागि चिडियाखाना सुधार केन्द्र हो भने कतिपयका लागि वृद्धाश्रम । 'मान्छे मारेका, वनमा आतंक मच्चाएका बाघहरू ल्याएर राख्छौं । तिनीहरूका लागि यो सुधारकेन्द्रको जस्तो वातावरण हुन्छ भने बुढा भएर सिकार गर्न नसक्ने अवस्थाका बाघका लागि चिडियाखाना वृद्धाश्रमजस्तै हो,' उनले भने ।

चिडियाखानामा बाघले आहारा र बासस्थानका लागि संघर्ष गर्नुपर्दैन । तोकिएको आहारा नियमित पाउँछन् । घरेलु जनावरजस्तो स्याहारसुसार पाएपछि बाघहरू मोटाउँछन्, जसका कारण रोगी हुन सक्छन् । त्यसैले चिडियाखानाका मांसहारी वन्यजन्तुलाई सातामा एक वा दुई दिन उपवास राख्ने चलन संसारभर छ । सदर चिडियाखानामा पनि हरेक शनिबार बाघलाई उपवास राखिन्छ । केही वर्षअघिसम्म दैनिक ६-७ केजी राँगाको मासु खुवाउँदै आएकोमा पछिल्लो समय पाँच केजीका दरले आहारा दिने गरिएको छ ।

सुधारगृहजस्तो दाबी गरिए पनि एकपटक चिडियाखाना ल्याइएको बाघ कहिल्यै जंगलमा फर्काइन्न । त्यसैले त्यस्ता बाघ आजीवन यहीँ रहन्छन् । २०७५ फागुनमा चितवन राष्ट्रिय निकुन्जबाट बाहिर निस्केर मान्छे मार्ने बाघलाई चिडियाखाना ल्याउँदा ऊ भर्खर सात वर्षको थियो । चिडियाखानामा रहेका बाघमध्ये ठुलो, बलियो र हिंस्रक भएकाले उसको नामै महाराज राखिएको थियो । झन्डै १३ वर्षको उमेरमा एक वर्षअघि महाराज त्यही मर्‍यो । चितवन निकुन्जबाटै २०७१ कात्तिकमा ल्याइएको बाघले झन्डै एक दशक चिडियाखानामा बितायो । यसको एउटा खुट्टा बाङ्गो थियो । त्यसैले बाघको नामै 'बाङ्गे' राखिएको थियो । केही साताअघि २० वर्षको उमेरमा बाङ्गे मर्‍यो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ वातावरण विज्ञ हरिभद्र आचार्य एकपटक चिडियाखानामा राखिएको बाघ फेरि वनमा लगेर छोड्न लायक नहुने बताउँछन् । 'एकपटक ल्याएपछि बाघलाई सधैंका लागि चिडियाखानामा राखिन्छ,' उनले भने । प्रकृतिको स्वतन्त्र वातावरणमा बस्ने, दौडधुप गर्ने र आफ्नो सिकार आफैं खोज्ने बाघ सदाका लागि चिडियाखानाको निश्चित क्षेत्रमा बस्न बाध्य हुन्छन् । प्राकृतिक रूपमा एउटा बाघले ४० वर्गकिलोमिटर क्षेत्र ओगटेर बस्छ । तर चिडियाखानामा त्यो सुविधा छैन । जसका कारण बाघले आफ्नो अनुकूलताअनुसार बाँच्नै बिर्सिसकेको हुने आचार्य बताउँछन् ।

वाइल्ड लाइफ लेखक सापकोटा पनि चिडियाखानाले बाघको संरक्षण, प्रजनन तथा जनचेतना अभिवृद्धिमा केही हदसम्म सहयोग पुर्‍याए पनि कैदको वातावरणले बाघको प्राकृतिक व्यवहारमा प्रतिकूल प्रभाव पार्ने बताउँछन् ।

स्वतन्त्र रूपमा दौडने, आहार खोज्ने र आफूखुसी बस्ने अवसरबाट वञ्चित हुँदा शारीरिक मात्र होइन, मानसिक रूपमा पनि बाघ तनावमा पर्ने उल्लेख गर्दै उनी भन्छन्, 'चिडियाखानामा राखिएका वन्यजन्तु प्रायः असजिलो वातावरण, भीडको कोलाहल तथा सीमित स्थानका कारण अस्वाभाविक व्यवहार देखाउँछन् । उनीहरूको स्वास्थ्यमा पनि दीर्घकालीन हानि पुर्‍याउँछ ।'

**बढ्दै बाघको संख्या**

२०१० मा आयोजित सन-पिटरबर्ग शिखर सम्मेलनमा बाघ पाइने १३ देशहरूले २०२२ सम्म बाघको संख्या दोब्बर बनाउने प्रतिबद्धता जनाएका थिए । जुन लक्ष्यलाई 'टिएक्सटु' नाम दिइयो । त्यसैअनुरूप जंगल, पानी, सिकार, सुरक्षाको वातावरण राम्रो बनाउने र जनचेतना फैलाउने कार्यक्रम गरिए । सोही प्रतिबद्धतालाई सघाउन नेपालले पानी र आहारको राम्रो सम्भावना भएको बाँके राष्ट्रिय निकुन्ज घोषणा गरेको थियो । ती सबै प्रयत्नको नतिजास्वरूप २०२२ सम्म आइपुग्दा नेपालमा बाघको संख्या दोब्बर होइन्, तेब्बर पुग्यो ।

अहिले नेपालमा बाघको संख्या ३ सय ५५ छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार सन् २०१० मा बाघको संख्या १२१ रहेकामा २०१८ मा २ सय ३५ र २०२२ मा बढेर ३ सय ५५ पुगेको हो । यसमध्ये चितवन राष्ट्रिय निकुञ्जमा १ सय २८, पर्सा राष्ट्रिय निकुञ्जमा ४१, बाँके राष्ट्रिय निकुञ्जमा २५, बर्दिया राष्ट्रिय निकुञ्जमा १ सय २५ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ३६ बाघ रहेको विभागले जनाएको छ । यही पुस १ देखि हुन लागेको बाघ गणनाले बाघको पछिल्लो संख्या यकिन गर्नेछ ।

बाघको संख्या बढ्दै जाँदा निकुञ्ज वरपरका बस्तीमा भने जनसंख्या पातलिँदै गएको छ । बाघबाट बर्सेनि दर्जनौंको ज्यान जाने गरेको छ । एक वर्षअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले बाघको संख्या अब बढाउन नहुने सार्वजनिक अभिव्यक्ति नै दिएका थिए । उनको तर्क थियो, 'मान्छे खुवाएर बाघ पाल्न सकिँदैन ।'

## बाघको 'गोठालो'



चिडियाखानाको देब्रेपट्टिको अन्तिम भागमा ठुलाठुला पर्खालबीच छ बाघ राखिएको ब्लक । त्यसको अगाडि भागबाट बाघहरू प्रस्टै देखिए पनि देखिँदैनन्, कृष्ण महर्जन । उनी ब्लकको पछाडिको भागमा बाघको आहारा तयार गरिरहेको अवस्थामा भेटिन्छन् । हरेक दिन बाघको आहारा बन्दोबस्त गर्ने, आहारा दिने ठाउँको सफाइ गर्दैमा उनको दिन बित्छ । बिहान १० बजेदेखि झमक्कै साँझ पर्दासम्म उनी बाघ ब्लककै वरपर हुन्छन् ।


काठमाडौं सानागाउँ निवासी महर्जन ५५ वर्षका भए । उनी साधारण लेखपढ गर्न सक्छन्, त्यसैले चिडियाखाना आउनुअघि उनी इँटाभट्टामा ज्याला मजदुरीको काम गर्थे । त्यसबाट आफ्नो दैनिकी सहज नभएपछि उनले त्यो काम छाडे । घर चल्ने 'जे काम पाए पनि गर्छु' भनेर इँटाभट्टाबाट निस्केका उनले चिडियाखानामा काम पाए । त्यो पनि, बाघ हेर्ने ।

चिडियाखाना छिर्दासम्म पनि उनले बाघको 'गोठालो' बन्ने अनुमान गरेका थिएनन् । सुरुका दुई वर्षजति चिडियाखानाकै नर्सरीमा काम गरे । त्यसपछि उनलाई बाघ हेर्ने जिम्मेवारी आइलाग्यो । सुरुमा त उनी झसंग पनि भए । तर डरसँगैको उत्सुकताले महर्जनलाई बाघको सेवक बनायो । 'नर्सरीमा काम गरिरहेको मान्छे, एक्कासि बाघ हेर्न जाऊभन्दा डर त लागेको थियो । तर बाघको स्याहारसुसारको उत्सुकताले नाइँ भन्न सकिनँ,' ३० वर्षअघिको अनुभव सुनाउँदै महर्जन भन्छन्, 'अहिले त बाघको पियोर गोठालो भइसकें ।'

झट्ट हेर्दा सबै बाघ उस्तै लाग्छन् । तर महर्जन नाक, मुख, आँखा देखेरै पनि चिन्छन् । बाघसँग त्यस्तो गहिरो सम्बन्ध जोडिएको छ उनको । १६ वर्षदेखि निरन्तर बाघको स्याहारसुसार गर्दै आएका छन् । बीचमा केही समय चराको ब्लकमा गए । १० वर्षजति उनले त्यहाँ काम गरेर पुनः बाघ ब्लकमै फर्किए । उनी बाघलाई दैनिक ५ देखि ६ किलोसम्म मासु खुवाउँछन् । दिनको २ देखि ३ बजेको बीचमा बाघलाई नियमित आहारा दिइने गरेको छ ।

आममानिसलाई बाघको हेरचाह गर्नु गाह्रो र डरलाग्दो कामजस्तो लाग्छ । तर महर्जनका लागि घरपालुवा गाई, भैंसी पालेजस्तै हो बाघ स्याहार्नु । भन्छन्, 'के डर लाग्नु गाई, भैंसीको गोठालोजस्तै हो, बाघको गोठालो पनि । अब त रमाइलो पनि लाग्छ, माया पनि लाग्छ । आफूलाई स्याहार्नेलाई पनि बाघले केही गर्दैन ।' कसले माया देखाउँछ र कसले आफूलाई हानि पुर्‍याउँछ भन्ने बाघले पनि बुझ्न सक्ने उनी बताउँछन् । त्यसैले पनि महर्जनलाई बाघको स्याहार अब जागिरभन्दा ज्यादा आदत र नियमित रुटिन भइसकेको छ ।

## रिसालु 'महारानी'



शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट २०८० वैशाखमा ल्याइएको बघिनी हो, 'महारानी' । शुक्लाफाँटामा मान्छेमाथि हमला गरेपछि उसलाई चिडियाखाना ल्याइएको हो । महारानी अहिले सात वर्षको भयो । ऊ धेरै हिडिरहन्छ । उमेर सानो भए पनि स्वभाव भने रिसालु भएको बाघका हेरालु कृष्ण महर्जन बताउँछन् । महारानीलाई अर्को बाघ 'बगौरा'सँगै राखिएको छ । यी दुई बाघको जोडीले केहीअघि डमरु पनि जन्माए । तर रिसको झोकमा महारानीले आफ्नै डमरुलाई आहारा बनाएको सुनाउँछन्, महर्जन । 'बच्चा पायो । भाले बाघले बच्चालाई हानि पुर्‍याउँछ भनेर त्यो समयमा बगौरालाई छुट्टै राखेका थियौं । त्यही रिसमा बच्चै खाइदियो महारानीले,' उनले भने । महारानी बगौराबिना एक्लै बस्न नसक्ने भएको छ । ओडारमाथि घाम थाप्न होस् वा छायामा बस्न, महारानी बगौरासँगै जान्छ । बगौरा साथमा नहुँदा गर्जिन थाल्छ ।


## उग्र 'बगौरा'



बर्दियाको बगौरी फाँटछेउ मानवीय क्षति पुर्‍याएपछि २०७७ चैतमा काठमाडौं ल्याउँदा 'बगौरा' १० वर्षको थियो । अहिले १५ वर्ष पुगेको बगौरालाई स्याहारसुसार गर्न भने सहज नभएको महर्जन बताउँछन् । उनका अनुसार, आहारा दिने समयमा बगौराले उग्र किसिमको व्यवहार देखाउँछ । त्यस्तै, उग्र व्यवहारले नै बगौरालाई चिडियाखाना ल्याउनुपरेको उल्लेख गर्दै उनी भन्छन्, 'खाना दिँदा झम्टनै खोज्छ । खाउँला झैं गर्छ । यो मान्छे नै खाएको बाघ हो । सुधार्न ल्याइयो भनौं न ।'

महारानीसँगको प्रेममा बगौरा पनि रमाइरहेको देखिन्छ । चिडियाखाना थर्किनेगरी गर्जिरहने उसको बानी छ । गर्जिने र झम्टिने मात्र नभई उसले गर्ने अन्य क्रियाकलापबाट समेत सधैं चनाखो भएर बस्नुपर्ने अवस्था छ । 'केही समयअघि पर्खालको छेउको रुखमा चढ्यो । नजिक जान सकिन्न टाढाबाट भनेको टेर्दैन । बल्लबल्ल तल झर्‍यो अनि सबैलाई भित्र आहारा खुवाउने ठाउँमा थुनेर रुख काट्नुपर्‍यो,' महर्जनले भने । रुख पर्खालको उचाइसम्मको भएका कारण त्यहाँबाट उक्लिएर मानिसको बीचमा आउन सक्ने र अन्य जनावरबीच पनि आतंक मच्चाउन सक्ने भएकाले रुख काटेको उनी बताउँछन् ।

## जिद्दी 'जगती'



चितवनको जगतपुरबाट २०७५ पुसमा सदर चिडियाखाना ल्याइएकी बघिनी हो, जगती । मान्छेलाई आक्रमण गरेर क्षति पुर्‍याएका कारण उसलाई चिडियाखाना ल्याइएको हो । १० वर्ष पुगेको ऊ जिद्दी स्वभावकी छ । महर्जनका अनुसार, आहारा दिनेबेलासमेत अटेरी गर्छ । 'आहारा नआइदिने । दुई बजेदेखि कुर्दाकुर्दा कहिले त बेलुकाको ७ नै बज्छ । साह्रै जिद्दीपना देखाउने,' उनले जगतीको स्वभाव सुनाए । जगती धेरैजस्तो एकान्त वातावरण रोज्ने गर्छ । राति के गर्दो हो कुन्नि, दिनभर सुतिरहन्छ । चिडियाखाना घुम्न आउने मानिसले मुस्किलले उसलाई देख्छन् । ऊ मानिसको नजरबाट टाढै बस्न रुचाउँछ । त्यसैले खुला ठाउँभन्दा झाडीतिर गएर बसिरहन्छ । जिद्दी भए पनि जगती धेरै गर्जिंदैन । आराम पुगेपछि ऊ केहीबेर हिँड्छ । अनि फेरि बस्छ । जगतीको जोडी 'प्रताप' हो । ऊ अहिले गर्भवती रहेको महर्जन बताउँछन् ।

## भद्र 'प्रताप'



पर्साको प्रतापपुरमा मान्छे मारेका कारण २०७७ जेठमा जाउलाखेल ल्याइएको बाघको नाम प्रताप राखिएको छ । १२ वर्षको प्रताप न बगौरा जसरी उग्र व्यवहार देखाउँछ न जगतीजस्तो जिद्दी नै छ । ऊ कि त जगतीसँग समय व्यतीत गरिरहेको देखिन्छ, कि आफैंमा मस्त रहन्छ । हेरालु महर्जनका अनुसार प्रताप घुमिरहन्छ । गर्जिरहने बानी पनि उसको छैन । हेरालुले बोलाउँदा आहारा खान आइहाल्छ । त्यहाँ भएका बाघमध्ये प्रताप सबैभन्दा भद्र रहेको महर्जन बताउँछन् । भन्छन्, 'यसले अरूजस्तो सताउँदैन । मासु खान पनि टाइममै आउँछ । जगती अगाडि आए ऊ पछि आउँछ, त्यत्ति हो । नत्र जाति छ प्रताप ।'

# पूर्वप्रहरी अधिकारीको राजनीति मोह

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ मंसिर



राजनीतिमा जो कोही लाग्न पाउँछ । संविधानतः प्रत्येक नागरिकलाई चुन्ने र चुनिने अधिकार छ । यही अधिकार उपयोग गर्दै पूर्वप्रहरीहरू पनि अवकाशपछि राजनीतिमा जोडिने र नेता हुने ध्याउन्नमा छन् ।

हालै नेपाल प्रहरीका पूर्वएआइजी विश्वराज पोखरेल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरेका छन् । प्रवेश गरेलगत्तै रास्वपाले पोखरेललाई केन्द्रीय अनुशासन आयोगको वरिष्ठ सल्लाहकारको जिम्मेवारी दिएको छ ।

रास्वपा प्रवेश गरेपछि पोखरेलले मुलुकको विकास र समृद्धि गर्ने भरोसाको पार्टी भनेर रास्वपाको प्रशंसा गरेका थिए । मुलुकको परिवर्तनका लागि इमानदार व्यक्ति जोडिएको पार्टी रास्वपा नै भएको दाबी गरे ।

पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै पोखरेलले २९औं प्रहरी महानिरीक्षक (आइजिपी) मा आफूलाई अन्याय गरिएको भन्दै तत्कालीन सरकारसम्बद्ध दलहरूमाथि विभिन्न आरोपसमेत लगाएका थिए । यही दाबीसहित पोखरेल सर्वोच्च अदालतसमेत गएका थिए । उजुरी सदर नभएपछि संगठन परित्याग गरेर बसेका उनी अहिले राजनीतिमा जोडिएका हुन् ।

पोखरेल रास्वपामा जोडिनुको उद्देश्य हो, २१ फागुनका लागि तय भएको प्रतिनिधि सभाको निर्वाचनमा उम्मेदवार बन्ने र सांसद हुने । नेताहरूका अनुसार आगामी निर्वाचनमा रास्वपाको उम्मेदवार भएर उनी ओखलढुंगाबाट चुनाव लड्ने तयारीमा छन् ।

पोखरेल मात्रै होइनन्, अन्य पूर्वप्रहरी पनि राजनीतिमा छन् । १५औं आइजिपी ध्रुवबहादुर प्रधान राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा सक्रिय छन् । उनी विघटित प्रतिनिधि सभा सदस्य तथा राप्रपामा उपाध्यक्ष हुन् । ४ मंसिर २०७९ को चुनावमा नवलपरासी-२ बाट चुनाव लडेका उनी जितेर आएका हुन् । चुनावपछिको पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा प्रधान कानुन, न्याय तथा संसदीय मामिलामन्त्री बने । उनी अहिले पनि राप्रपाको राजनीतिमा सक्रिय छन् ।

२२औं प्रहरी महानिरीक्षक रवीन्द्रप्रताव शाह तत्कालीन नेकपा (माओवादी केन्द्र)बाट समानुपातिक संसद् नै बने । त्यसअघि १०औं आइजिपी डिबी लामा पनि नेपाली कांग्रेसबाट सामान्य प्रशासन सहायकमन्त्री बनेका थिए ।

प्रहरीको सेवाबाट अवकाश भएपछि वा शीर्ष स्थानमा पुग्न नसकेपछि राजनीतिमा जोडिने र सांसद तथा मन्त्री हुन सक्ने अवस्था देखेपछि पूर्वप्रहरीहरू राजनीतिमा जोडिन लालायित हुने गरेका छन् । यस्तो चाहना राखेर कोही पार्टी प्रवेश त कोही पार्टी नै खोलेर अगाडि बढेका छन् ।

२६औं प्रहरी महानिरीक्षकका प्रतिस्पर्धी पूर्वडिआइजी रमेश खरेल नेपाल सुशासन पार्टी खोलेरै अगाडि बढे । ४ मंसिर २०७९ को चुनावमा काठमाडौं-१ बाट उम्मेदवार भए, जितेनन् । त्यसपछि उपनिर्वाचनमा रास्वपाबाट बारा-२ मा उम्मेदवार भए, चुनाव जितेनन् । हारपछि उनले रास्वपा छाडिदिए ।

खरेलले जस्तै २६औं प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल पनि राजनीतिमा जोडिए । ४ मंसिर २०७९ मा नेकपा एमालेबाट काठमाडौं ६ मा उम्मेदवार भए, जितेनन् । २०८० वैशाखको उपनिर्वाचनमा तनहुँ-१ बाट उम्मेदवार भए, त्यहाँ पनि पराजित भए । त्यसपछि उनले एमाले नै छाडिदिए र अहिले आफैं पार्टी गठन गरे- 'समुन्नत नेपाल पार्टी' । उनी हाल यही पार्टी हाँकिरहेका छन् ।

२५औं आइजिपीका दावेदार पूर्वडिआइजी धपनि राजनीतिमा छन् । उनी एमालेबाट २०७४ को प्रतिनिधि सभा निर्वाचनमा ललितपुर-१ बाट प्रत्यक्ष निर्वाचित भए । २०७९ मा पनि उम्मेदवार रहेका उनी पराजित हुन पुगे । अहिले उनी एमाले ११औं महाधिवेशनबाट पार्टी केन्द्रीय सदस्य बन्ने दौडमा छन् ।

# बिग्रियो माटो, घट्यो उत्पादन

**सुशील दर्नाल/रासस**
काठमाडौं, १९ मंसिर




काठमाडौं चन्द्रागिरी नगरपालिका-६ महादेवस्थानका अमर गिरीले खेतमा जैविक मल प्रयोग गर्न छाडेको ५ वर्ष भयो । तर उनले उत्पादन बढाउने भन्दै जैविक मलको सट्टा रासायनिक मलको प्रयोग गर्दा उत्पादन झन घट्दै गएको छ । रासायनिक मल प्रयोगको मात्राबारे जानकारी नहुँदा असन्तुलित रासायनिक मलको प्रयोगले माटो बिग्रिएर उत्पादन घट्दै भएको हो भन्ने उनको अनुमान छ । रासायनिक मलको प्रयोगले उत्पादनमा ह्रास आउनु र बाटो विग्रिने जाने विषयले उनलाई चिन्तित पनि बनाएको छ ।

रासायनिक मल प्रयोगरी गरी तरकारि खेती गर्दै आएका भक्तपुर सानोथिमिका रवि डंगोलको पनि हरेक वर्ष तरकारी बालीको उत्पादन घट्दै गएको छ । उनले भने, 'धेरै उत्पादन गर्ने भनेर रासायनिक मलको प्रयोग गरेको त उत्पादन झन् झन् घट्दै गएको छ, यो रासायनिक मलको प्रयोयले माटो बिग्रिएर पो हो कि ?' पछिल्लो सयम किसानले बालीमा जथाभावी रासायनिक मल र विषादीको प्रयोग गर्दा माटोको उर्वराशक्तिमा ह्रास हुँदै गएको छ । माटोमा अम्लियपन बढ्दै गएको छ ।

किसानले अव्यवस्थित रूपमा रासायनिक मलको प्रयोग गरेकाले माटोले उत्पादकत्व गुमाउँदै गएको छ । कृषिमा भित्र्याइएको हरित क्रान्तिको दुष्प्रभाव स्वरूप माटो बिग्रने दर तीव्र गतिले बढ्दो छ । साथसाथै पहिरो तथा भू-क्षय, शहरीकरण, मरुभूमिकरण, माटोको कडापन वा चट्टानीकरण, एकल बाली खेती र माटोमा प्रांग्रारिक पदार्थको कम प्रयोग लगायत कारणले गर्दा पनि माटोको स्वास्थ्य र गुणस्तर खस्कँदै गएको छ । जसले किसानलाई नै बढि घाटा पुऱ्याएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार विभिन्न कारणले यो वर्ष कृषि उत्पादन विशेष गरी धान, उखु, तरकारी र फलफूलको उत्पादनमा करिब १ लाख २७ हजार ३ सय ८३ मेट्रिक टन घटी उत्पादन हुने देखिन्छ ।

मन्त्रालको प्रतिवेदनमा भनिएको छ, 'प्राप्त तथ्यांकअनुसार यो वर्ष बालीतर्फ ३ अर्ब ५४ करोड ६१ लाख ४ हजार, पशुपन्छी, मत्स्य तथा घाँस खेती तर्फ १६ करोड १५ लाख ४६ हजार, कृषि तथा पशुपन्छी पूर्वाधारतर्फ १ करोड ६ लाख २५ हजार, सरकारी कार्यालयतर्फ ५८ लाख ६० हजार, जमिन कटानतर्फ ३ करोड ७१ लाख १७ हजार र बिउविजनतर्फ २ करोड ८१ लाख ४ हजार बराबरको क्षति गरि जम्मा ३ अर्व ७६ करोड १२ लाख ५२ हजार रुपैयाँ बराबरको क्षति भएको देखिन्छ, तरकारीमा सबैभन्दा बढी रु १ अर्ब २५ करोड ७१ लाख ३३ हजार ५५० बराबरको क्षति पुगेको देखिन्छ जुन कूल प्रतिशतको ३५.४५ प्रतिशत हुन आउछ ।'

माटो विज्ञहरुले पनि अधिक मात्रामा उत्पादन बढाउने लोभमा किसानहरूले खेतबारीमा रासायनिक मल र विषादीको आवश्यकताभन्दा बढी प्रयोग गर्ने गरेकाले माटोको उर्वरा शक्ति घट्न थालेको बताउँदै आएका छन् ।

माटोविज्ञ जीवन सुवेदीले गाईवस्तु पाल्न छोडेपछि गोबर मल र प्रांग्ररिक मल बनाउने चलन हराउँदै जाँदा किसानले बढी उब्जाउ हुने भन्दै रासायनिक मल प्रयोग गर्दा माटो विग्रिँदै गएको र उत्पादनमा कसम आउँदै गएको बताए ।

डिसेम्बर ५ अर्थात् शुक्रबार '१२ औँ विश्व माटो दिवस मनाइएको छ । 'स्वस्थ माटो, स्वस्थ गाउँशहर' भन्ने मूल नारासहित नेपालमा पनि सो दिवस मनाइएको हो । तर, माटो दिवस औपचारिकतामै सिमित भएको छ ।

तिव्र शहरीकरण तथा औद्योगिकीरणले निम्त्याएको माटो प्रदुषण लगायतका कारणबाट विश्वभर कृषि योग्य जमिन निरन्तर कम हुनुका साथै माटोको संरचना र उर्वराशक्तिमा नकारात्मक असर परेको छ । सरकारसँग दिगो माटो व्यवस्थापनमार्फत माटोको उर्वरा शक्ति सुदृढ गरी स्वस्थ माटो भावी पुस्तालाई हस्तान्तरण गर्ने दरिलो योजना छैन । माटो उर्वराशक्तिको दिगो व्यवस्थापनका लागि विश्वस्तरमा जनचेतना अभिवृद्धिमार्फत एकताबद्ध प्रयासका लागि यो दिवस नेपालमा दिवसको लागि दिवस भएको छ । साथै, स्वस्थ उत्पादन प्रविधिको न्यून अवलम्बन, असन्तुलित मलखादको प्रयोग, प्राङ्गारिक मलको न्यून प्रयोग एवं कृषि रसायनको अनियन्त्रित प्रयोगका कारण माटोको गुणस्तर खस्कँदै गएको कृषि विभागका महानिर्देशन प्रकाश कुमार सन्जेलले बताए ।

डिजिटल माटो नक्सा (डिएसएम) को तथ्यांक अनुसार जाँचिएको कुल माटोमध्ये करिब ५४ प्रतिशत माटो अम्लीय, करिब २९ प्रतिशत माटो तटस्थ र करिब १७ प्रतिशत माटो आरीय प्रकृतिको पाइएको छ । पूर्वी नेपालको माटो पश्चिम नेपालको तुलनामा बढी अम्लीय रहेको छ । गत वर्ष करिव ५३ प्रतिशत माटो अम्लीय, करिब ३३ प्रतिशत माटो तटस्थ र करिब १४ प्रतिशत माटो आरीय प्रकृतिको पाइएको थियो । नेपालका अधिकांश माटोमा प्राङ्गारिक पदार्थको मात्रा कम पाइएको छ । करिव ३७ प्रतिशत माटोमा प्रांगारिक पदार्थ कम, ४५ प्रतिशत माटोमा मध्यम र १८ प्रतिशत माटोमा उच्च मात्रामा पाईएको छ । विशेषगरी तराईको माटोमा हिमाल र पहाडको तुलनामा प्रांग्रारिक पदार्थको मात्रा कम छ ।

गत वर्ष ३६.९ प्रतिशत माटोमा प्रांग्रारिक पदार्थ कम, ४६.७ प्रतिशत माटोमा मध्यम र १६.४ प्रतिशत माटोमा उच्च मावामा प्रांग्रारिक पदार्थ पाईएको थियो । नेपालको माटोमा औषत २.५९ प्रतिशत प्रांग्रारिक पदार्थ पाइएको छ । गत वर्ष नेपालको माटोमा औषत २.७७ प्रतिशत प्रांग्रारिक पदार्थ पाइएको थियो । नेपालमा प्रति वर्ष माथिल्लो सतहतको करिव १.७ मिलिमिटर माटो भूक्षयका कारण ह्रास हुने गरेको छ । देशभर करिव २८ प्रतिशत माटोमा नाइट्रोजन कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च पाइएको छ ।

## एमाले महाधिवेशन

# पक्ष-विपक्षमा खुले पदाधिकारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ मंसिर

११औं महाधिवेशन नजिकिँदै जाँदा नेकपा एमालेका वर्तमान पदाधिकारीले नेता छनोट गरेर कित्ताकाट गरेका छन् । १९ पदाधिकारीमध्ये १२ जना केपी शर्मा ओली पक्षमा खुलेर लागेका हुन् । त्यस्तै, एक जना सचिव कारागारमा छन् भने बाँकी ६ पदाधिकारी ईश्वर पोखरेलका पक्षमा उभिएका हुन् ।

एमालेका सचिव टोपबहादुर रायमाझी नक्कली भुटानी शरणार्थी प्रकरणमा जेल परेपछि लामो समयदेखि निलम्बनमा छन् । मंसिर २७ गतेबाट सुरु हुने ११औं महाधिवेशनमा अध्यक्ष पदमा हालका अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल प्यालनसहित प्रतिस्पर्धाको तयारी छन । यही तयारीअनुसार हाल एमालेमा रहेका १८ पदाधिकारीमध्ये ओली पक्षमा १२ जना र पोखरेल पक्षमा ६ जना देखिएका हुन् ।

महाधिवेशनमा उम्मेदवारी दिँदा दुवै पक्षले आआफ्ना तर्फको प्यानल बनाएरै अघि बढ्ने तीव्र गृहकार्य भइरहेको छ । एमाले सचिव योगेश भट्टराईले पार्टीको ११औं महाधिवेशन स्वस्थ प्रतिस्पर्धाबाटै सम्पन्न हुने बताए । उनले मध्यान्हसँग भने, 'महाधिवेशनमा प्रतिस्पर्धा हुने देखियो । ईश्वर पोखरेल र केपी ओलीबीचको प्रतिस्पर्धामा प्यानलै बन्ने अवस्था छ ।'

तर उनीहरू एकअर्का समूहमा रहेकाहरूको नाम हेरर मात्र अन्तिम समयमा मात्रै प्यानल सार्वजनिक गर्ने रणनीतिमा छ ।



**ओली पक्ष**
- केपी शर्मा ओली
- रामबहादुर थापा
- विष्णुप्रसाद पौडेल
- गुरुप्रसाद बराल
- शंकर पोखरेल
- प्रदीप ज्ञवाली
- विष्णु रिमाल
- पृथ्वीसुब्बा गुरुङ
- लेखराज भट्ट
- छविलाल विश्वकर्मा
- रघुवीर महासेठ
- पद्मा अर्याल

**पोखरेल पक्ष**
- ईश्वर पोखरेल
- युवराज ज्ञवाली
- अष्टलक्ष्मी शाक्य
- सुरेन्द्र पाण्डे
- गोकर्ण विष्ट
- योगेश भट्टराई

अहिले नै प्यानल सार्वजनिक गर्दा विपक्षीले रणनीति बदल्ने भएकाले अध्यक्षबाहेकको प्यानल अन्तिम समयमा घोषणा गर्न लागिएको दुवै समूहका नेताहरूले बताएका छन् ।

अहिले उपाध्यक्ष रामबहादुर थापा, विष्णुप्रसाद पौडेल र गुरुप्रसाद बराल ओलीको पक्षमा खुलेका हुन् । त्यस्तै, महासचिव शंकर पोखरेलसहित उपमहासचिव प्रदीप ज्ञवाली, विष्णु रिमाल र पृथ्वीसुब्बा गुरुङ पनि ओली पक्षमै खुलेका छन् । ६ सचिवहरूमध्ये चार जना लेखराज भट्ट, छविलाल विश्वकर्मा, रघुवीर महासेठ र पद्मा अर्याल पनि ओली पक्षमा खुलेका छन् ।

ओलीको पक्षमा खुलेका नेताहरू अहिलेको विषम परिस्थितिमा ओलीको विकल्प खोज्न नहुने बताउँदै ओलीलाई सहयोग गर्ने बताउँछन् । उनीहरू दैनिकजसो एमालेनिकट प्रेस चौतारीको कार्यालय पुगेर ओलीको पक्षमा रहेको भन्दै कित्ताकाट गरिरहेका छन् । नेताहरू थापा, पौडेल, गुरुङ, रिमालले शुक्रबार ओलीको पक्षमा कित्ताकाट गरेको बताए । त्यस्तै, प्रदीप ज्ञवाली, लेखराज भट्ट, रघुवीर महासेठ, छविलाल विश्वकर्मालगायतले पनि विभिन्न फोरममार्फत ओलीलाई साथ दिने घोषणा गरिरहेका छन् ।

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई तीन जना उपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी र सुरेन्द्र पाण्डेले साथ दिने भएका छन् । त्यस्तै, सचिवद्वय गोकर्ण विष्ट र योगेश भट्टराई पनि पोखरेललाई साथ दिँदै सोही समूहबाट महाधिवेशनमा प्रतिस्पर्धा गर्ने तयारीमा छन् । मंसिर २७ गते भक्तपुरको सल्लाघारीमा एमालेको महाधिवेशन उद्घाटन गरेर २८ गतेबाट काठमाडौंको भृकुटीमण्डपमा बन्द सत्र हुनेछ । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको समेत साथ र समर्थन रहेको छ । यद्यपि भण्डारी एमालेको सदस्यसमेत नभएकाले उनी पक्षधरले पोखरेलको समूहलाई मत दिएर समर्थन गर्ने तयारी गरेका छन् । ओलीले तेस्रो कार्यकाल अध्यक्ष बन्ने चाहना राखेसँगै पोखरेलले ओलीसँग प्रतिस्पर्धा गर्ने घोषणा गरेका हुन् ।

भदौ २३ र २४ को जेनजी आन्दोलनपछि एमालेको विद्या भण्डारी समूह र विगतमा नेकपा कालको १० बुँदे पक्षधर भनेर चिनिएका नेताहरूले ओलीलाई नेतृत्व हस्तान्तरण गर्न दबाब दिँदै आएका थिए । उनीहरूले जेनजी आन्दोलनको भावनाअनुसार पार्टी रूपान्तरणको मुद्दासमेत अघि सार्दै आएका छन् । ओली प्रधानमन्त्री भएको बेला घटेको घटनाको नैतिक जिम्मेवारी लिनुपर्ने पक्षमा संस्थापनइतर समूहका नेता छन् । तर ओली सो घटनाको अझैसम्म पनि जिम्मेवारी लिन चाहिरहेका छैनन् । तर ओली समूहले भने जेनजी आन्दोलनलाई विदेशी षड्यन्त्रका रूपमा व्याख्या गरिरहेको छ ।

# गण्डकी प्रदेश समन्वय परिषद् कतारले मनायो नवौं स्थापना दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १९ मंसिर



गण्डकी प्रदेश समन्वय परिषद् कतारले आफ्नो नवौं स्थापना दिवस विविध कार्यक्रमसहित भव्य रूपमा मनाएको छ ।

शुक्रबार फूलबारीको रेष्टुरेन्टुको सभा हलमा गण्डकी प्रदेशबाट कतारमा आइ विभिन्न व्यवसाय गरिरहेका व्यवसायीसँग स्नेह मिलन एवं सम्मान समारोह गर्दै स्थापना दिवस मनाएको हो ।

अध्यक्ष नन्दलाल विक (अजय) को सभाध्यक्ष तथा सामाजिक व्यक्तित्व तथा कतारका सफल व्यवसायी राज रेग्मीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममार्फत प्रदेश मातहतका सबै व्यवसायीलाई ढाका टोपी, दोसल्ला ओढाएर मायाको चिनोसहित सम्मान गरिएको थियो ।

प्रदेशभित्र ४२ जना व्यवसायी रहेको तथ्यांक प्रदेश समक्ष आइ पुगेको हुँदा अन्य व्यवसायीहरुलाई पनि सम्पर्कमा आउन कार्यक्रमका सहजकर्ता तथा परिषद्का महासचिव मन प्रसाद राना मगरले आग्रह गरे ।

कार्यक्रममा कतार स्थापित विभिन्न संघसंस्थाका पदाधिकारीहरू, परिषद्का सल्लाहकार तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

विधिवत् उद्घाटन गरिएको कार्यक्रममा उपस्थितलाई वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रम संयोजक रोशन अर्यालले स्वागत मन्तव्यद्वारा स्वागत गरेका थिए भने विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा बोल्ने वक्ताहरूले गण्डकी प्रदेशले व्यवसायीहरूको सम्मान गरेर नयाँ कार्यको थालनीसहित व्यवसायका लागि हौसला दिएको भन्दै प्रशंसा गरेका थिए । जुन देशमा व्यवसायका लागि सहजता र सम्मान हुन्छ त्यहाँ देश तथा व्यक्तिको पनि प्रगति हुने धारणा राखेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि रेग्मीले प्रदेशले पृथक कार्यक्रमको आयोजना गरेकोमा कृतज्ञता प्रकट गर्दै प्रशंसा गरे । उनले भविष्यमा परिषद्ले इन्भेस्टमेन्ट कम्पनी सञ्चालन गर्दै लगानीको लागि नयाँ शिरा निर्माण गर्न सके सुनौलो भविष्यका लागी कोशे ढुंगा बन्ने विश्वास व्यक्त गर्दै नेपालमा गण्डकी प्रदेशभित्र थुप्रै परियोजना सञ्चालनमा रहेको र ती परियोजनामा लगानी गर्न सकिने हुँदा अब परिषद्ले लगानी उन्मुख कार्यक्रम गर्न सुझाव दिए । रेग्मीलाई दोसल्ला ओढाएर मायाको चिनोसहित सम्मान गरिएको थियो ।

गायिका तारा विसी, नृत्याङ्गना अनिता परियार र गिरीमाया थापा कार्यक्रममा आकर्षक नृत्य पेस गरेका थिए । कार्यक्रमको समापन गर्दै सभाध्यक्ष विकले परिषद्ले पहिलो पटक व्यवसायीहरूको तथ्यांक संकलन गर्दै सम्मान गर्ने कोसिस गरे पनि यो पूर्ण नभएको र अन्य व्यवसायीहरू छुटेको हुँदा छिट्टै समेट्ने बताए ।

उनले कतारमा रहेका व्यवसायीले नेपालमा पनि लगानी गर्न सके प्रवासमा जस्तै सम्बन्ध नेपालमा रहने र भाइचारा बढ्ने विश्वास व्यक्त गरे । विकले परिषद्को स्थापना कालदेखि बहालवाला कार्यसमितिसहित कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

यस्तै परिषद्ले सञ्चालन गरेको चिट्ठा कार्यक्रमको नतिजा खोलिएको छ । सार्वजनिक नतिजा अनुसार प्रथम पुरस्कार १० ग्राम सुन चिट्ठा नम्बर २८८० मा अन्विन्ता रानाले जितेकी छिन् । द्वितीय पुरस्कारका रूपमा रहेको ल्यापटप चिट्ठा नम्बर २२२२ मा पर्वत समाज कतारका अध्यक्ष सन्तोष क्षेत्रीले जितेका छन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८२/०६/११ मा दर्ता भएको **प्रा. लि. नं. १४०५०२** को श्री **इनोभ फास्टफुड एण्ड क्याफे प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (२) को खण्ड (च) बमोजिम स्वेच्छिक खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साउदी र यूएईमा रोजगार**

कम्पनी: **CIAN MAINTENANCE AND CLEANING COMPANY** शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०८/१७ चलानी नं.: ६०२४८४७८ LT. No.: 334795

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garden Cleaning Labour | 15 | 0 | स. काममा दक्ष | 1000 | ३८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: **Haq Deal Electromechanical Equipment Installation and Maintenance Co. L.L.C.** शहर:UAE
पूर्व स्वीकृत मितिः २०८२/०८/१९ चलानी नं.: ६०२४८४७७ LT. No.: 334813

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 30 | 0 | स. काममा दक्ष | 1200 | ४६,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No. 1341/074/075
**AAYUSH OVERSEAS PVT. LTD.**
Bhimsengola-31, Katyayani Chowk, Kathmandu | Tel: 01- 5918559
Email: aayusoverseas1341@gmail.com | Web: www.aayushoverseas.com.np
Mobile No: 9762613839,9801357728, 9801357729, 9801591168, 9808533103, 9827713813

**स्नो रिभर्स लिमिटेड**
**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)**
**कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाण्डौं**
**फोन नं. ०१-४४४२७८२ । ईमेलः snowrivers2021@gmail.com**

**विशेष साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशितः २०८२/०८/२०**

**श्री शेयरधनी महानुभावज्यूहरू,**
यस **स्नो रिभर्स लिमिटेड**को मिति २०८२/०८/१९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस कम्पनीको विशेष साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८२ साल पौष ७ गते सोमबार (तदनुसार सन् २०२५ डिसेम्बर २२)
**समय** : बिहानको ठिक ११:०० बजे ।
**स्थान** : कम्पनीको केन्द्रिय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरू:**
**(क) विशेष प्रस्तावः**
कम्पनीको सञ्चालक समिति पुनर्गठन गर्ने सम्बन्धमा ।
**(ख) विविध ।**

सञ्चालक समितिको आज्ञाले
**कम्पनी सचिव**

**हार्दिक श्रद्धाञ्जली**



जन्मः
वि.सं. २००१

स्वर्गारोहणः
वि.सं. २०८१ पुष ०१ गते

**स्व. कमला देवी सिंह राजपुत**

हाम्रा शुभेच्छुक, यस दैनिकका रौतहट जिल्ला संवाददाता पत्रकार सत्येन्द्र प्रताप सिंहको ममतामयी आमा **स्व. कमला देवी सिंह राजपुत**को स्वर्गारोहण भएको आज वार्षिक पुण्य तिथिमा मृतआत्मा प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा ईश्वरले शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी कामनाका साथ **हार्दिक समवेदना** व्यक्त गर्दछौं।

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

**मदनकुमार श्रेष्ठ**
प्रधान सम्पादक

तथा
**मध्यान्ह**
Madhyanha National Daily राष्ट्रिय दैनिक
**परिवार**

साहित्यका कुरा...

# डिजिटल युग र व्यावसायिक साहित्य

*डिजिटल प्लेटफर्मको विकासले साहित्यिक अभिव्यक्तिलाई नयाँ आकार दिएको छ । आज फेसबुक, इन्स्टाग्राम, एक्स, युट्युब, टिकटकजस्ता प्लेटफर्महरूले सिर्जनाकर्मीलाई अड्कल गर्नै नसक्ने अवसर प्राप्त भएको छ । यी प्लेटफर्ममार्फत साहित्यकारले ठुलो संख्यामा पाठक मात्रै पाएका छैनन्, आम्दानी पनि पाएका छन् ।*



■ जनक बराल

साहित्य भनेको मानवीय अनुभूति, समाजका उतार-चढाव, समयका छलफल र जीवनका अनेक आयामलाई शब्दमा उतार्ने कला हो । प्रायः धेरैलाई साहित्य सिर्जना पढ्ने-लेख्ने शौकको क्षेत्र मात्र हो जस्तो लाग्छ। धेरैलाई लाग्छ- साहित्यले पैसा दिँदैन, साहित्यमा करिअर हुँदैन र साहित्यिक कर्म जीवन निर्वाहका लागि पर्याप्त हुँदैन । तर अहिलेको डिजिटल युगमा यो धारणाले निकै परिवर्तन भोगिरहेको छ। अब साहित्य केवल पुस्तकका पानाभित्र सीमित छैन, बरु डिजिटल प्लेटफर्म, सामाजिक सञ्जाल, भिडियो, अडियो, पोडकास्ट, जर्नलिजम, अनलाइन कोर्स आदिद्वारा त्यसले आर्थिक अवसरहरूको नयाँ ढोका खोलिरहेको छ। प्रश्न उठ्छ-साहित्यबाट पनि पैसा कमाउन सकिन्छ र ? यसको जवाफ- हो। संसारले साहित्यलाई नयाँ रूप-रंग, नयाँ बजार र नयाँ सम्भावनाले स्वागत गरिरहेको छ।



पहिलो कुरा, डिजिटल प्लेटफर्मको विकासले साहित्यिक अभिव्यक्तिलाई नयाँ आकार दिएको छ । आज फेसबुक, इन्स्टाग्राम, एक्स, युट्युब, टिकटक जस्ता प्लेटफर्महरूले सिर्जनाकर्मीलाई अड्कल गर्नै नसक्ने अवसर प्राप्त भएको छ। फेसबुकमा कविताका केही पंक्ति लेखेर मात्रै पनि लेखकले हजारौं पाठक पाउन सक्छ । धेरै युवा स्रष्टाहरू फेसबुक स्टोरी, नोट वा सार्वजनिक पोस्टमा आफ्ना कथा, निबन्ध, संस्मरण र कविताहरू पोस्ट गर्छन् । जब पाठक बढ्छन्, त्यसको सिधा प्रभाव लेखकको प्रतिष्ठा, लोकप्रियता र भविष्यका आयस्रोतहरूमा पर्छ । अनलाइन विज्ञापन, ब्रान्ड कोल्याबोरेसन, स्पोन्सर्ड पोस्ट वा 'फ्यान-सब्सक्रिप्सन' जस्ता सुविधाले लेखनलाई आयमा जोड्ने सकिन्छ । यसको अर्थ, फेसबुक केवल सामाजिक सञ्जाल मात्र रहेन, साहित्यिक बजार पनि बन्न थालेको छ ।

त्यस्तै, इन्स्टाग्राम जस्तो दृश्यात्मक प्लेटफर्ममा 'माइक्रो-पोएट्री' वा 'कोट-लिखाइ'ले ठूलो सम्भावना देखाइरहेको छ। सुन्दर डिजाइनमा प्रस्तुत गरिएका दुई-तीन लाइनका भावपूर्ण कविता वा उद्धरणहरूले लाखौं दर्शक बटुल्छन्। यिनले ब्रान्डिङ, बुक-मार्केटिङ र मर्चेन्डाइजिङका ढोका खोलिदिन्छन् । साहित्य अझै गम्भीर विषय हो भन्ने धारणालाई तोड्दै यसले कला, ग्राफिक्स र शब्दको मिश्रणबाट नयाँ बजार निर्माण गरिरहेको छ ।

अर्को महत्वपूर्ण माध्यम हो- युट्युब। युट्युबमा साहित्यिक सामग्री अपलोड गरेर आय आर्जन सम्भव छ। कथाहरूलाई नयाँ शैलीमा प्रस्तुत गर्दै 'स्टोरीटेलिङ च्यानल' चलाउने, आफ्नै कवितालाई वाचन गर्ने, साहित्यिक छलफल, पुस्तक समीक्षा, लेखक परिचय, श्रोताले पठाएका कथाको वाचन, सांस्कृतिक कथा-किस्सा आदि प्रस्तुत गर्न सकिन्छ । धेरैले कथा वा कविता केवल पढेर पोस्ट गर्ने होइन, भिडियोको रूपमा रूपान्तरण गरेर सशक्त प्रस्तुति दिने गरेका छन्। दृश्य, ध्वनि र संगीत मिल्दा साहित्यिक सामग्री अझै प्रभावकारी हुन्छ । यस्ता भिडियोले युट्युब मोनेटाइजेसन, स्पोन्सर, एफिलेट मार्केटिङ जस्ता माध्यमबाट पैसा कमाउने सम्भावना बढाउँछ ।

त्यस्तै, टिकटकले पनि साहित्यलाई नयाँ शैलीमा लोकप्रिय बनाइदिएको छ। छोटो भिडियोमा १०-१५ सेकेन्डका कविता, उद्धरण वा भावनात्मक कथाका अंशहरू अहिले मानिसहरू निकै सुन्छन्। साहित्य छिटो फैलिने र लोकप्रियता बढ्ने यो ठूलो माध्यम हो । लोकप्रियता बढ्दै जाँदा टिकटक क्रिएटर फन्ड, ब्रान्ड कोलाबोरेशन, लाइभ गिफ्ट जस्ता माध्यमले आम्दानी पनि हुन्छ ।

डिजिटल युगको अर्को सुन्दर सम्भावना हो- पोडकास्ट । कथा, कविता वाचन, साहित्यिक छलफल, लेखकहरूको अन्तर्वार्ता, पुस्तक समीक्षा आदि विषयमा बनाइने पोडकास्टहरूले विशिष्ट श्रोता वर्ग बनाउँछन्। आजकल मानिसहरू गाडी चलाउँदा, हिँड्दा, घरायसी काम गर्दा पोडकास्ट सुन्न मन पराउँछन् । स्पोटिफाइ, एप्पल पोडकास्ट, गूगल पोडकास्ट आदि माध्यममार्फत पोडकास्टले विज्ञापन, स्पोन्सर वा पेड-सब्सक्रिप्सनबाट पैसा कमाउन सक्छ।

अब लेखनको परम्परागत बजार पुस्तक प्रकाशनमा आउँदा, अहिले यसले पनि आयस्रोतमा नयाँ आयाम थपेको छ। पहिले प्रकाशकले मात्र पुस्तक छापिदिन्थ्यो र लेखकलाई कुनै रोयल्टी दिँदैनथे । अहिले धेरै प्रकाशकहरूले पुस्तक बिक्रीको आधारमा लेखकलाई न्यूनतम १०-१५ प्रतिशतको रोयल्टी दिन थालिसकेका छन् । साथै, लेखकले आफ्नै खर्चमा पुस्तक छपाएर 'इन्डिभिजुअल पब्लिसिङ' गर्न थालेका छन् । फाइदा-बिक्री पैसा मुख्य रूपमा लेखककै हातमा आउँछ। अनि 'ई-बुक' र 'अडियो बुक'को बजार पनि फस्टाइरहेको छ। ई-बुक प्लेटफर्म जस्तै एमेजन किन्डलर, गुगल बुक्स, कोबो आदि मार्फत नेपाली लेखकले विश्वव्यापी पाठक पाउन सक्छ।

साहित्यबाट कमाइको अर्को उदीयमान क्षेत्र हो- वर्कसप तथा कोर्स। लेखन सिक्न चाहनेहरूको संख्या बढ्दै गएको छ । त्यसैले, 'क्रिएटिभ राइटिङ' वर्कसप, कविता लेखन तालिम, कथा संरचना, संवाद कला, शैलीगत लेखन आदि विषयमा अनलाइन र अफलाइन कोर्स लिई आर्थिक आम्दानी गर्न सकिन्छ। धेरै लेखकहरूले आफ्नो लेखन अनुभव बाँडेर पनि राम्रो कमाइ गर्दै छन् ।

सामाजिक सञ्जाल र युट्युबजस्तै, ब्लगिङ पनि एउटा मजबुत माध्यम हो। ब्लग प्लेटफर्ममा साहित्य लेख्दा वेबसाइटमा विज्ञापन राखेर आम्दानी गर्न सकिन्छ। साहित्यिक संस्मरण, यात्रा-वर्णन, आलोचना, पुस्तक समीक्षा, मनोवैज्ञानिक लेख, जीवनशैली सम्बन्धी लेखन ब्लगहरूमा निकै लोकप्रिय छन्। साहित्यले ब्लगिङमार्फत व्यावसायिक आय दिएको थुप्रै उदाहरण छन् ।

त्यस्तै, फ्रिलान्स लेखनले पनि साहित्यिक क्षमतालाई रोजगारीसँग जोड्ने अवसर दिन्छ । म्यागजिनहरू, पत्रपत्रिका, अनलाइन पोर्टल, विज्ञापन कम्पनी, स्क्रिप्ट राइटिङ, स्टोरी कन्सेप्ट डेभलपमेन्ट, फिल्म र सिरियलका लागि संवाद लेखन आदि क्षेत्रमा लेखनबाट राम्रो आय सम्भव छ। कथा र शैलीगत लेखनमा सीप भएका व्यक्तिले पटकथा लेखनमार्फत पनि राम्रो कमाइ गर्न सक्छन् ।

साहित्यिक सिर्जनाको आर्थिक मूल्य बढ्ने अर्को क्षेत्र हो- साहित्यलाई दृश्य र सञ्चारमा रूपान्तरण । कथा, उपन्यास, निबन्ध वा संस्मरणलाई छोटो चलचित्र, वेब सिरिज, म्युजिक भिडियो वा नाटकमा रूपान्तरण गर्ने प्रवृत्ति बढ्दो छ । यसरी रूपान्तरण गर्दा कथाको कपी राइट प्रयोग गरिने भएकाले लेखकलाई 'राइट्स फी' वा 'रोयल्टी' मिल्छ। डिजिटल स्ट्रीमिङ प्लेटफर्महरूले धेरै कथाहरू मागिरहेका छन् । यो भविष्यमा लेखकका लागि ठूलो बजार बन्ने निश्चित छ।

यति धेरै सम्भावनाबिच, सबैभन्दा मुख्य कुरा भनेको समयसँगै साहित्यिक पहिचान निर्माण गर्ने हो । जब एक लेखकले निरन्तर सिर्जना गर्छ, नियमित रूपमा पाठकसँग सम्बन्ध बनाउँछ र गुणस्तरीय सामग्री प्रस्तुत गर्छ, तब अवसरहरू आफैँ बढ्दै जान्छन्। आजका धेरै युवा लेखकले फेसबुकमा कविता लेख्दै सुरुवात गरेका छन्। त्यसपछि उनीहरूले युट्युब बनाएका, कथा वाचन सुरु गरेका, पोडकास्ट गरेका, पुस्तक निकालेका छ । यसरी साहित्यले जीवनसँगै आय पनि दिन थालेको छ। साहित्य पैसाको मात्र होइन, भावना, अभिव्यक्ति र चेतनाको समिश्रण हो। तर अभिव्यक्ति र चेतनाको यो यात्राले आज आर्थिक रूपले पनि सम्भावनाका पाना खोलिदिएको छ। पुस्तक लेखेर, कविता वाचन गरेर, कथा भिडियो बनाएर, फेसबुकमा पोस्ट गरेर, पोडकास्ट चलाएर वा ब्लग लेखेर-अनेक बाटोबाट आजको लेखक कमाइ गर्न सक्छ । प्रश्न-साहित्यबाट पनि पैसा कमाउने कि ? उत्तर-अवश्य कमाउने। तर लगन, निरन्तरता र सिर्जनाप्रति समर्पण आवश्यक छ। यसरी, साहित्य सिर्जना मात्र होइन, साहित्यिक व्यावसायिकताको पनि नयाँ संसार खुलेको छ। अब साहित्य केवल मनका लागि होइन-सीप, पहिचान र आयस्रोतको माध्यम पनि बन्न सक्ने अवस्थामै पुगेको छ।

कविता

## कुल घरकी बुहारी !



गीता त्रिपाठी

जन्मेपछि जन्म घरमै दौडिएकी उनी
बालापनका साथीसँगै मित्रता गाँस्छिन्
न यो मित्रतामा रमाइरहन पाउँछिन्
एक दिन त्यो चुलबुल मन पराई घरमा
कुलघरकी बुहारी बन्न पुग्छिन् ।

कहिले हाँसो तालमा हिँडिन्
कहिले पराई घरको गाल सहिन्
तर पनि मन अविरल बुझाउँछिन्
सधैँ सबैको मन बुझाउने आशाको खोजीमा हुन्छिन्
किनकि उनी त कुल घरकी बुहारी ।

कहिले कर्म घरको जिम्मेवारी पखेँटा हालेर बोक्छिन्
कहिले पीडा दबाएर फुल झैँ सुगन्ध छर्छिन्
आफ्ना सबै रहर मारेर कर्म घरमा खुसी भर्छिन्
त्यही घर नै आफ्नो मान्दै दियोको ज्योति बालिरहन्छिन्
किनकि उनी त कुल घरकी बुहारी ।


घामपानी र झरी सहेर घरलाई स्वर्ग बनाउन तत्पर हुन्छिन्
कहिले उनी आफैँ महासागरमा डुब्छिन्
तर पनि अदम्य साहस लिएर पुनः उठ्छिन्
विडम्बना उनको यो साहसलाई बुझिदिने कोही छैन
किनकि उनी त कुल घरकी बुहारी ।

न त बाल्यकालको साथीले बुझेको छ, न त माइती पक्षले
किनकि उनी त बुहारी हुन् घरको कुरा माइतीमा लानु हुन्न
बुहारी त पहाडसँग नि ठोकिनु पर्छ
दुखै दुखको छालसँग नि मुस्कुराई रहनुपर्छ
किनकि उनी त कुल घरकी बुहारी ।

आँखाको नानी तब हुन्छिन् उनी
सबै-सबैको हुन्छिन् भाग्यमानी
क्षितिज पारी पुगी रम्नुपर्छ अर्काको खुसीमै जुनी-जुनी
सहनु पर्छ उनीले हाँसो रोदन सबै-सबै
किनकि उनी त कुल घरकी बुहारी ।

कविता

## मातृभूमिको सिपाही म



खिमराज गिरी

पीडाका पहाडमुनि लुकेका सपनाहरू उठाउँदै हिँड्छु म,
आगोले तातिएका मनहरूलाई शीतलता दिँदै डुल्दछु म,
नभनी घाम पानी सधैँ शीतल छहारी जस्तै रम्न खोज्ने म,
सदैव सत्य र न्यायको पक्षमा लड्न खोज्ने मातृभूमिको सिपाही म ।

देशको अस्तित्वको लागि कयौं वीर योद्धाहरू मैदानमा लडे पनि,
आँधीजस्तै तुफानका वेगहरूमा क्षितिजमा पुग्ने कोसिस गरे पनि,
आखिर देशलाई विस्तारै परनिर्भरतामा धकेल्ने दुस्साहस भए पनि,
सत्यताको पर्खाल नतोडी अगाडि बढ्न खोज्ने मातृभूमिको सिपाही म ।

देशकै अस्तित्वको लागि कयौं वीरहरूको कथा व्यथा रुमलिए पनि,
मुट्ठीभरका पहुँचवालाहरूको वर्चस्व कायम रहँदै आए पनि,
तर सेवा नै धर्म सम्झेर देशको सेवा खातिर
कठोर हृदयका साथ सधैं लडिरहने मातृभूमिको सिपाही म ।

हजारौं युवाका सुन्दर सपनाहरूमा आशाका किरणहरू छर्दै,
लाखौं मानिसहरूको बास, रोजी र रोटीको अभिलाषा चिर्दै,
भविष्यले नयाँ बाटो देखाउँदै गर्दा तड्पनमा अड्किए पनि,
सदैव देश प्रेमको भावनाले अभिप्रेरित रहने मातृभूमिको सिपाही म ।
मातृभूमिको सिपाही म ॥

# अन्तिम आशा

कथा



■ रञ्जना बास्ताकोटी

*तर भोलिपल्ट बिहानै अखबार हेरेँ । '३० वर्षीया युवती हराइन्' शीर्षक । फोटो- उही राति भेटेकी सरिता । वर्णन- मानसिक सन्तुलन राम्रो नभएकी, घरबाट हिँडेर हराएकी । सारा शरीर चिसो भयो । अचानक अडिएको त्यो खुशी, त्यो मुस्कान, त्यो आशा-सबै भंग भएको महसुस भयो ।*

वीरगञ्जको भीड-भाडले भरिएको आदर्शनगर चोक । बस कन्डक्टरको चर्को सीटी, फलफूल बेच्नेहरूको बोलबानी, धुलो र गर्मी सबै मिसिएको अराजक वातावरण । म औषधि लिन जाँदै थिएँ, त्यही भीडबीच फुटपाथको कुर्सीमा झुकी बसेकी एक वृद्धा देखेँ । हात काँपेको, काँध झुकेको, तर कता-कता चिनेको जस्तो ।

नजिक गएँ। "हजुरआमा... रत्ना हजुरआमा ?"

वृद्धाले ढिलो गरी चस्मा माथि सारेर मलाई हेरिन् । "को हौ नानी ?"

"म असिना । सन्तोष काकीकी नातिनी । दसौं कक्षा पढ्दा हजुरकै घरमा आएको थिएँ ।"

उनको अनुहार उज्यालो भयो । "ए... त्यो असिना तिमी ? कति फरक भइछे ! आवाजले मात्र चिनेँ ।"

मैले चिन्तित हुँदै सोधेँ, "हजुरआमा, यहाँ एक्लै ? किन बसिरहनु भएको ?"

उनको स्वर अचानक गम्भीर र कमजोर भयो । "आँखा धमिलिन्छ नानी । डाक्टरले अपरेसन गर्नुपर्छ भने । तर साथ दिने कोही छैन । नाति भन्छ- एकछिनमा आउँछु । तीन घन्टा भयो । फोन पनि उठ्दैन ।"

उनी बोली-बोली थकानले हुरुक्क झुकेर गइन् ।

"शरीरले साथ दिँदैन, दाँत छैन, आँखा देखिँदैन... अनि त्यो नाति त जाँड, सुर्ती, गलत बाटोमा लागिरहन्छ । बाबु त काखमै मरेर गयो । अब यो बूढीलाई कसले हेर्छ ?"

म मौन भएँ । बजारको चहलपहल टाढा परेको जस्तो लाग्यो ।

मैले श्रीमान् आर्यनलाई फोन गरेर बोलाएँ । गाडी आयो । हामीले हजुरआमालाई हात समाएर बिठायौं । गाडी चढेपछि उनी फेरि बोलिन्, "तिमीहरूसँग भेट्दा राम्रै लाग्यो । नत्र त म बस चढेर एक्लै फर्कँदा कतै लडपड गर्थें ।"

हामी बारा-मटियारवा तिर लाग्यौं । बाटोभरि उनी कहिले बाहिर हेर्थिन्, कहिले सास फेर्न गाह्रो जस्तो गर्थिन् । सायद नातिलाई नै खोजिरहेकी ।

उनको घर पुगेपछि देखियो- फाटेको पर्खाल, झुकेको छाना, वरिपरि उम्रिएका झार । "सब बिग्रियो नानी । म हिँड्न छोडेपछि घर पनि विरानो भइदियो ।", उनी फतफताइन् ।

त्यही बेला पछाडिबाट बाइक रोकियो । काला कुम्मलका, आँखामा ठूलो चस्मा, बेतरतीब कपाल भएको युवक । "आमा !", उनी झर्कोका साथ अघि आए । उसको पछाडि अस्थिर नजर भएकी एक युवती पनि ओरालिएकी थिइन् । "आमा, यो सरिता हो । म बिहे गर्न लागेको," युवकले भन्यो ।

रत्ना हजुरआमाको आँखामा झटपट उज्यालो पस्यो । "आओ मेरी छोरी... यस घरमा तिमीलाई नै कुर्थें म...।"

हामी बाटो लाग्यौं । फर्कँदै गर्दा मलाई पनि खुशी लाग्यो- उनी अन्ततः सम्झन योग्य खुसी पाएकी जस्तो ।

तर भोलिपल्ट बिहानै अखबार हेरेँ । '३० वर्षीया युवती हराइन्' शीर्षक । फोटो- उही राति भेटेकी सरिता । वर्णन- मानसिक सन्तुलन राम्रो नभएकी, घरबाट हिँडेर हराएकी ।

सारा शरीर चिसो भयो । अचानक अडिएको त्यो खुशी, त्यो मुस्कान, त्यो आशा-सबै भङ्ग भएको महसुस भयो ।

रत्ना हजुरआमाले अडेको 'वंश बाँच्ने' सपना काँचो धुवाँझैँ फेरि उडेर गएको थियो । जीवनले उनलाई दिएको त्यो क्षणिक उज्यालो केवल भ्रम भएको रहेछ ।

तर म भन्छु- शायद त्यो रात उनीले पाएको त्यही सानो आनन्द नै उनको जीवनको अन्तिम उपहार थियो ।

भीड-भाडको चौक अझै चलैरहेछ, तर मेरो मन भने आज पनि त्यही क्षणमा रोकिएको छ, जहाँ एक वृद्धाले ढुक्कसँग भनेकी थिइन्, "मलाई त अब आशा मात्र बाँकी छ, नानी ।"

# सीमावर्ती हटियामा सर्वसाधारणको भीड

## सस्तो मूल्यले आकर्षण

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १९ मंसिर

सिरहा जिल्लाको नवराजपुर गाउँपालिका-५ कुर्सन्डी र भारतको बिहार राज्य घोडमोहरा सीमाना बीचको मध्यबिन्दुमा लाग्ने साप्ताहिक हटियामा सर्वसाधारणको उल्लेख्य भीड बढ्दै गएको छ । हरेक शुक्रबार र सोमबार लाग्ने हटियामा स्थानीयवासीसँगै छिमेकी भारतीय बजारबाट समेत व्यापार-व्यवसाय तथा किनमेलका लागि मानिसहरूको बाक्लो उपस्थित रहने गरेको छ ।



हटियामा तरकारी, फलफूल, लत्ताकपडा, भाँडाकुडा, माछा-मासु लगायत दैनिक उपभोग्य सामग्री किफायती मूल्यमा उपलब्ध हुने हुँदा ग्राहकहरूको आकर्षण बढेको व्यापारीहरूको भनाइ छ । आसपासका बजारको तुलना गर्दा मूल्य सस्तो र सामान ताजा हुने भएकाले सीमाक्षेत्रका बासिन्दा नियमित रूपमा यसै हटियामा निर्भर हुने गरेका छन् ।

दुई देशबीचको सामाजिक तथा आर्थिक सम्बन्धलाई मजबुत बनाउँदै आएको हटियाले स्थानीय आय-आर्जनलाई समेत सक्रिय बनाएको छ । सीमाक्षेत्रका किसान र साना व्यापारीले उत्पादन तथा सामान बिक्री गर्न सहज वातावरण पाएका छन् भने उपभोक्ताले आवश्यक वस्तु न्यून मूल्यमा प्राप्त गर्ने सुविधा पाएका छन् । स्थानीयवासीहरूका अनुसार हटियाको सडक तथा पूर्वाधार सुधार भएमा व्यापारिक गतिविधि अझ विस्तार हुने अपेक्षा गरिएको छ । सीमास्थित हटियाको निरन्तरता र व्यवस्थापनका लागि दुवै देशका प्रशासनले सहजीकरण गर्नुपर्ने आवाज पनि उच्चरूपमा उठ्न थालेको छ ।

### रौतहटमा सवारी दुर्घटना

# बाबुको मृत्यु, तीन सन्तान घाइते

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ मंसिर

रौतहटको चन्द्रनिगाहपुर-गौर सडकखण्डमा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । घटना शुक्रबार अपराह्न चन्द्रपुर नगरपालिका-६ स्थित मोतियाही पुल नजिक भएको हो ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका अनुसार गौरबाट चन्द्रनिगाहपुरतर्फ आइरहेको बस र विपरीत दिशाबाट गएको मोटरसाइकल ठोक्किएपछि दुर्घटना भएको हो । मोटरसाइकल चालक वृन्दावन नगरपालिका-२ विश्रामपुरका ४० वर्षीय नागेन्द्र पटेलको निधन भएको प्रहरीले जनाएको छ ।



दुर्घटनापछि घाइते अवस्थामै पटेललाई स्थानीय अस्पताल पुर्‍याइएको थियो । उपचारका क्रममा शुक्रबार साँझ चिकित्सकहरूले उनलाई मृत घोषणा गरेका थिए ।

मोटरसाइकलमा सवार उनका तीन बालबालिका पनि घाइते भएका छन् । घाइतेहरूमा १५ वर्षीय प्रिन्स कुमार पटेल, १२ वर्षीय युवराज पटेल र ११ वर्षीया आकृति पटेल रहेकी छन् । उनीहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार बस र चालकलाई नियन्त्रणमा लिइएको छ । घटनाबारे थप अनुसन्धान अघि बढाइएको छ ।

# चुरे क्षेत्रको अवैध उत्खनन् रोक्न अनुगमन

**सिरहा/मस-** सिरहाको धनगढीमाई, गोलबजार र मिर्चैया नगरपालिकामा पर्ने चुरे क्षेत्र मूल भएर बग्ने गागन, कशाहा, बाखेट र घुर्मीखोलामा अवैध रूपमा भइरहेको ढुंगा, गिट्टी र बालुवाको उत्खनन रोक्न जिल्ला प्रशासन कार्यालयको टोलीले आज स्थलगत अनुगमन गरेको छ ।

चुरेबाट नदीजन्य पदार्थको तोकिएको सीमाभन्दा बढी उत्खनन् तथा अनियमित गतिविधिबारे लगातार गुनासो आएपछि अनुगमन टोली परिचालन गरिएको हो ।

अनुगमनपछि सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले अवैध उत्खनन्ले वातावरणीय तथा भौतिक जोखिम बढाउने भएकाले कानुनी प्रक्रियाअनुसार मात्र उत्खनन् गराइने बताए । उनले गलत कार्यलाई कडाइका साथ नियन्त्रण गर्ने उद्देश्यले अनुगमन गरिएको उल्लेख गरे ।



उनले भने, 'बारम्बार गुनासो आउन थालेपछि वास्तविक अवस्था के छ भनेर बुझ्न हामीले अनुगमन गरेका हौँ, यसक्रममा जथाभावी खोला उत्खनन गरेको, निजी जग्गासम्म खोस्री मापदण्डविपरीत ढुंगा, गिट्टी, बालुवा निकालिएको पाइएको छ, कतिपय स्थानमा करिब २० फिट गहिरोसम्म खाल्डा पारिएकाले ती क्षेत्रहरू जोखिमपूर्ण बनेका छन् ।' सहायक प्रमुख जिल्ला अधिकारी बरालले अवैध उत्खननलाई तत्काल रोक्न निर्देशन दिँदै भन्नुभयो, 'देखिएका कमजोरीबारे ठेकेदारलाई सचेत गराएका छौँ, अबदेखि मापदण्डअनुसार कानुनले तोकेको प्रक्रिया पालन गर्नुपर्छ, अवैध उत्खनन कानुनविपरीत हुनुका साथै यसले वातावरणीय जोखिम पनि निम्त्याइरहेको हुन्छ, यसलाई रोक्न जरुरी छ ।'

अनुगमनका क्रममा गोलबजार-१ मुक्सार बलडाँडाका स्थानीयले घरनजिकै ठेकेदारले गिट्टी, बालुवा उत्खनन गरी ठूला-ठूला खाल्डा पारेकाले जोखिम बढेको गुनासो गरेका थिए । धनगढीमाई-८ स्थित परोपकार गिट्टी-बालुवा उद्योग तथा पुष्पदीप क्रसर उद्योगलाई दुई दिनभित्र आवश्यक कागजातसहित जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको बरालले जानकारी दिए ।

### रुकुम पश्चिममा जिप दुर्घटना

# १२ जना घाइते, एकको अवस्था गम्भीर

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १९ मंसिर

रुकुम पश्चिमको आठबिसकोट बाँकेज्यूलामा जीप दुर्घटना भएको छ ।

सदरमुकाम मुसिकोटबाट राडीतर्फ आउँदै गरेको जीप आठबिसकोट-१४ बाँकेज्यूलामा दुर्घटना भएको हो ।

लु १ ज २०८२ नम्बरको जीप शुक्रबार दिउँसो दुर्घटना भएको जिल्ला प्रहरी कार्यलय रुकुम पश्चिमले जनाएको छ । दुर्घटनामा चालकसहित १२ जना घाइते भएका छन् । त्यस्तै घाइते हुनेहरूमा



आठबिसकोट नगरपालिका-९ का अभिषेक केसी, सोही पालिका-१२ की रिता परियार, वडा नम्बर-१३ का भरतजंग मल्ल, डिलबहादुर विक र जाजरकोट नलगाड नगरपालिका-८ का विष्णु केसी छन् । घाइते परियारको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी तथा प्रहरी निरीक्षक हरि पुनले जानकारी दिए । अन्यको अवस्था सामान्य रहेको पुनले बताए ।

## चार...

सकारात्मक देखियो,' उनले मध्यान्हसँग भनिन्, 'सरकारले चुनावी सुरक्षाको वातावरण बनाउनुपर्ने सबै दलहरूले सुझाव दिए । त्यसमा सरकारको तर्फबाट स्वयं प्रधानमन्त्री र मन्त्रीहरू चुनावी सुरक्षाको वातावरण बनाउनेमा ढुक्कजस्तै देखिनुभयो ।'

कांग्रेस चुनावबाटै मुलुकको समस्या समाधान गरेर जाने कुरामा प्रतिबद्ध भएको उनले बताइन् । निर्वाचन आयोगले पनि आवश्यक तयारी गरिसकेको प्रतिवेदन आएकाले सरकार चुनावका लागि आवश्यक सुरक्षा व्यवस्थाका विषयमा दलहरूले केही 'रिर्जर्भेसन' राखेको उनको भनाइ छ । 'चुनावी सुरक्षा नै अहिलेको महत्वपूर्ण विषय हो । तर सरकार त्यस विषयमा प्रतिबद्ध नै देखिएको छ,' उनले भनिन्, 'सरकारको म्यान्डेट चुनाव गराउने नै भएकाले चुनावका मुख्य सरोकारवाला राजनीतिक दलहरूबाट सहयोगको अपेक्षा प्रधानमन्त्रीले गर्नुभयो । बाँकी सुरक्षा चुनौतीका विषयमा सरकार गम्भीर भएको प्रधानमन्त्रीले राख्नुभयो ।'

निर्वाचनको सुनिश्चितताको विश्वास दिलाउन प्रधानमन्त्री कार्कीले सबैजसो राजनीतिक दलहरूसँग एक्लाएक्लै र सामूहिक संवादलाई निरन्तरता दिँदै आएकी छन् । सोही क्रममा सरकार, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपासहित प्रमुख पाँच राजनीतिक दल, निर्वाचन आयोगका आयुक्त र सुरक्षा निकायका प्रमुखसहितको बैठक बसेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । आजको छलफलले चुनावी वातावरण बनाउने विषयमा थप सहयोग पुगेको प्रधानमन्त्रीका प्रेस संयोजक राम रावलले बताए ।

एमालेले भने पार्टी अध्यक्ष केपी शर्मामाथि लगाइएको स्थानहदको फुकुवाको विषयलाई शुक्रबारको बैठकमा समेत राखेको छ । एमाले नेता महेश बर्तौलाले सरकार चुनाव गराउँदै छैन भन्ने केही दृष्टान्त पेस गरेको बताए । 'सरकारले चुनाव गराउँदैन भन्ने केही दृष्टान्त हामीले पेस गर्‍यौं,' उनले भने, 'सरकार चुनाव गराउनेभन्दा पनि राजदूत फिर्तादेखि अध्यादेशसम्मका विषयमा अल्झिएको छ । राज्यको मनोबल एकदम कमजोर छ भने आमनागरिकको अवस्था कस्तो होला ? अर्को विषय सरकारको संवैधानिक परीक्षणबारे मुद्दा चलिरहेकाले अदालतबाट त्यसको छिनोफानो नहुँदासम्म सकारले चुनाव गराउन सक्दैन ।' यिनै विषयलाई एमालेले छलफलमा राखेको र प्रधानमन्त्रीले औसतमा 'हामी चुनाव गराउन प्रतिबद्ध रहेको' भन्ने जवाफ दिएको नेता बर्तौलाले बताए । एमालेले संसद् पुनर्स्थापनाको माग लिएर सर्वोच्च गएकाले चुनावभन्दा संसद् पुनर्स्थापना नै पार्टीको पहिलो प्राथमिकता रहेको नेता बर्तौलाले बताए ।

पछिल्लोपटक दल र सरकारबीचको दूरी विस्तारै नजिकिँदै आएको छ । गत भदौ २३ र २४ को जेनजी आन्दोलनका बलमा केपी ओली नेतृत्वको कांग्रेस-एमाले ढलेसँगै नागरिक सरकारका रूपमा भदौ २७ मा गठन भएको कार्की नेतृत्वको सरकारको आयु ६ महिना मात्रै छ । २१ फागुनमा प्रतिनिधि सभा निर्वाचन गर्ने म्यान्डेट लिएरै अहिलेको अन्तरिम सरकार बनेको हो । चुनाव गराएर नयाँ नेतृत्व हस्तान्तरण गर्नुपर्ने म्यान्डेटअनुसार कार्की नेतृत्वको अन्तरिम सरकारले काम गर्नुपर्नेछ । यदि तोकिएको समयमा चुनाव गराउन नसक्ने अवस्था आएमा मुलुक फेरि अर्को सरकार बन्ने तहमा जाने राजनीतिक विश्लेषक बताउँछन् । तर सरकारका मन्त्रीहरूले दलहरूसँगको संवाद बढेको र दलहरूका राजनीतिक गतिविधि पनि बढेकाले चुनावको माहोल बनिसकेको दाबी गर्दै आएका छन् । शुक्रबारको बैठकमा निर्वाचनको तयारी, सुरक्षा व्यवस्था र वातावरणबारे सम्बद्ध अधिकारीले ब्रिफिङ गरेका थिए । बैठकमा प्रधानमन्त्री, मन्त्रीहरू, प्रमुख पाँच राजनीतिक दल, निर्वाचन आयोग र सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति थियो । जसमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), निर्वाचन आयोगका पदाधिकारी र सुरक्षा निकायका प्रमुखबीच भएको छलफलले आगामी प्रतिनिधि सभाको निर्वाचन सफल बनाउन सकारात्मक सहयोग पुगेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको

**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८२/०८/२०

यस विभागबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **Synergy Human Resource Pvt.Ltd. (इ.प.नं. १७३६/०८१/०८२)** को साविकको ठेगाना **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०४** परिवर्तन गरी **काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ०५** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मितिः २०८२/०८/२०

**ट्रष्ट गोरखा टुर एण्ड ट्राभल** को मिति २०८२/०७/२७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ट्रष्ट गोरखा मल्टिपर्पोज कम्पनी (दार्ता नं. ३७१२४३)** कायम गर्ने गरी मिति २०८२/०८/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दुई फरक जन्म मिति भएको व्यक्ति फरक फरक नभई एउटै व्यक्ति भएको बारेमा**

प्रकाशित मिति : २०८२/०८/२०

प्रस्तुत विषयमा खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं २ साबिक दिक्तेल गा. वि. स. वडा नं ०६ बस्ने उत्तर बहादुर तामाङको नाति स्वार्गीय भारतीय सेना संख्या **९४२१०८२ Nk (Late) जिल्ला प्रसाद तामाङ** तथा **पदम कुमारी तामाङ**को छोरा **राजन तामाङ**को भारतीय अभिलेख कार्यलय **(Sheet Roll)** मा जन्म मिति **२०६२/०६/३०** गते दर्ता भएको र निज **राजन तामाङ**को नेपाली नागरिकता प्रमाण पत्र बनाउँदा विद्यालय (स्कुल) रेकर्डको **(सर्टिफिकेट)** को अनुसार जन्म मिति **२०६२/०६/०३** गते **ना.प्र.नं. १२-०१-७८-०२५८३** को आधारमा नेपाली नागरिकता प्रमाण पत्र बनाइएको हुँदा र निज **राजन तामाङ**को बुवाको भारतीय सेनामा कार्यरत (सेवामा) हुँदा नै मिति 03 May 2008 (२०६५/०१/२१) मृत्यु भए पछि मृतकका श्रीमति **पदम कुमारी तामाङ**ले पारिवारिक पेन्सनको लागि मिति **२०६५/०७/२४** गतेको जिल्ला प्रशासन कार्यालय दिक्तेलको सिफारिसमा पारिवारिक विवरण बनाई पेश गर्दा, उल्लेखित मिति **२०६२/०६/३०** गते र नेपाली नागरिकता प्रमाण पत्रमा **२०६२/०६/०३** गते भइ, जन्म मिति फरक परेको हुँदा दुबै फरक जन्म मिति भएको व्यक्ति अलग अलग नभई एउटै व्यक्ति भएको व्यहोरा यस राष्ट्रिय पत्रिकाको प्रकाशित सूचनाद्वारा जानकारी गराईन्छ ।

**मुल्य सुची**

H.K TradersPvt.Ltd. द्वारा बिक्री वितरण गरिदै आएको निम्न विवरणका मालवस्तुहरुको अधिकतम खुद्रा मुल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित्त यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पैठारीकर्ताको नाम ठेगना | स्थायी लेखा नम्बर | आयात निर्यात संकेत नम्बर | सामानको नाम | ब्राण्ड | मोडल | अधिकतम खुद्रा बिक्री मुल्य (NPR) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | H.K Traders Pvt.Ltd. | 602397339 | 6023973390102NP | ROBAM RANGE HOOD | ROBAM | CXW-260-76H1S | 48,500.00 | Made in China |
| | | | | ROBAM RANGE HOOD | | CXW-200-A606 | 32,000.00 | |
| | | | | ROBAM RANGE HOOD | | CXW-220-A862 | 33,000.00 | |
| | | | | ROBAM RANGE HOOD | | CXW-200-A851 | 29,500.00 | |
| | | | | ROBAM RANGE HOOD | | CXW-260-85H1 | 28,000.00 | |
| | | | | ROBAM HOB | | JZY-B272 | 20,500.00 | |
| | | | | ROBAM HOB | | JZY-9B6H30 | 38,000.00 | |
| | | | | ROBAM HOB | | JZY-ZG730B | 29,500.00 | |
| | | | | ROBAM DISHWASHER | | W602S | 70,000.00 | |
| | | | | ROBAM DISHWASHER | | W653 | 70,000.00 | |

H.K. Traders Pvt.Ltd.
Maharajgang, Kathmandu
Contact Number: 9851014194

**District Hospital, Bajura**
Martadi, Bajura

**Invitation for Sealed Quotation**

**Sealed Quotation No: DHB/GOODS/SQ/01/082/083**
**Date of Publication : 06-12-2025**

Invitation for Sealed Quotation for the procurement of Supply and Delivery of Medicine Upto District Hospital Bajura .

1. The District Hospital Bajura invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Medicine Upto District Hospital Bajura .
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the District Hospital Bajura, 9858424660
3. hard copy only is allowed a complete set of Bidding Documents may be purchased from the office District Hospital , Bajura by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 20-12-2025 during office hours.
   Bidders, submitting their bid should deposit the cost of bidding document in the following account
   i. Name of the Bank :Rastriya Banijya Bank martadi, Bajura.
   ii. Name of Office :District Treasury controller office martadi, Bajura
   iii. Office Code no :3500269027
   iv. Office Account No :rajaswa(revenue) ACno 1000100200010000
   v. Rajaswa (revenue) Shirshak No :14229
4. Sealed bids must be submitted to the office District Hospital Bajura by hand on or before 21-12-2025 12:00 noon. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 21-12-2025 14:00 at the office District Hospital Bajura sudurpaschim Province Nepal.
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 1,25,000 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.4070100202030000 at rastriya banijya bank martadi, Bajura and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**ओमनमा रोजगार**
कम्पनीः FAHAD OMAIRAN TRADING EST, शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/०८/१९ चलानी नं.:६०२४८४५० LT. No.: 334634

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreign Food Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 180 | ६७,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Head Waiter | 2 | 0 | | 140 | ५२,२४२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

VISION INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Satdobato,near Olympic Building, Lalitpur, Kathmandu,
Phone: 5201283, 5200523 , P.O.Box: 8975, EPC 1858.
Email: emp.vision12@gmail.com, Website:www.visioninte.com
Govt. Lic. No. 392/059/060

**युएईमा रोजगार**
कम्पनीः Aman taxi sole proprietorship llc शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/१८ चलानी नं.: ६०२२२२४० LT. No.: 302822 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 46 | 0 | स. काममा दक्ष | 1500 | ५८,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २८ गते (14 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np

**कुवेतमा रोजगार**
कम्पनी : HAIR BAR BEAUTY SALON & INSTITUTE COMPANY FOR LADIES शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०१/०८ चलानी नं.: ६०२३६४३५ LT. No.:322327 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 15 | स. काममा दक्ष | 150 | ७०,२६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S.N.K. Facilities Management Pvt. Ltd.
Bafal-13, Kalanki, Kathmandu, Nepal, Tel. 01-5922923
Whats App No: 9806165278. website: www.snkmanpower.com
Gov. Lic No. 1726/081/082

**युएईमा रोजगार**
कम्पनीः SEVERITY SECURITY AND GUARDING SERVICES LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०८/१९ चलानी नं.: ६०२४८४५७ L.T. No.: 334803

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 25 | 0 | स. काममा दक्ष | 1500 | ५८,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Rightway Enterprises Pvt. Ltd.
Aaloknagar Minbhawan-31
Kathmandu, Nepal
Tel : 01-4106275,4106276
Mob: 9808079942
Govt.Lic.No.: 517/061/062

**मलेसियामा रोजगार**
कम्पनी : KURNIAWAN SECURITY SERVICES SDN.BHD शहर : JALAN
पूर्व स्वीकृत मितिः २०८२/०८/१९ चलानी नं.: ६०२४८४४७ L.T. No.: 334798

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1700 | ५९,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RADIANT OVERSEAS P. LTD.
Bhimsengola _09, Jamunagalli, Kathmadu , Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069

**कुवेतमा रोजगार**
कम्पनी : STANDARD ARABIAN CO. FOR GENERAL TRADING & CONTRACTING शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/१९ चलानी नं.: ६०२४८४५१ LT. No.:334842

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Outdoor Helper | 37 | 0 | स. काममा दक्ष | 120 | ५६,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK STAR MANPOWER SERVICES PVT. LTD.
टोखा-१०, सामाखुसी, काठमाडौं, फोन: ४९५७०४७, 9816935532, 9851359348, 9705551551, 9761762121. 9815186563. | Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np
श्रम इजाजत पत्र नं. १०२५/०६८/६९

# लुम्बिनी प्लेअफमा
## जनकपुर, पोखरा र चितवन बाहिरिए




**काठमाडौं/मस–** काठमाडौंमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा लुम्बिनी लायन्स प्लेअफमा पुग्ने अन्तिम टोली बनेको छ ।

शुक्रबारको खेलमा लुम्बिनीले जनकपुर बोल्ट्सलाई चार विकेटले हराउँदै प्लेअफमा पुगेको हो । लुम्बिनी प्लेअफ पुग्दा जनकपुर, पोखरा एभेन्जर्स र चितवन राइनोज एक खेलअगावै खेलबाट बाहिरिएका छन् । यसअघि सुदूरपश्चिम रोयल्स, काठमाडौं गोर्खाज र विराटनगर किङ्स प्लेअफमा सुरक्षित भइसकेका छन् ।

शुक्रबारको खेलमा जनकपुरले दिएको १३३ रनको लक्ष्य लुम्बिनीले १९ दशमलव पाँच ओभरमा छ विकेटको क्षतिमा भेट्टाएको छ । लुम्बिनीका कप्तान रोहित पौडेलले सर्वाधिक ३४ रन हिर्काएका छन् । बलिङमा जनकपुरका संगीथ कुरेले तीन विकेट लिए ।

यसअघि त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट रंगशाला कीर्तिपुरमा टस जितेर पहिला ब्याटिङ गरेकामा जनकपुरले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १३२ रन बनाएको थियो । जनकपुरका लागि संगीथ कुरेले सर्वाधिक ४५, मयन यादवले २७, आशिफ शेखले २० रनको योगदान गरेका छन् । लुम्बिनीका कप्तान पौडेल र शेर मल्लले समान दुई/दुई विकेट झारे ।

लुम्बिनीको जितपछि प्लेअफ पुग्ने चारै टोलीको टुंगो लागेको छ । सुदूरपश्चिम बाहेक बाँकी तीन टिमले पहिलो पटक एनपीएलमा प्लेअफमा स्थान पक्का गरेका हुन् । सुदूरपश्चिमले पहिलो क्वालिफायर खेल्ने पक्का छ । यस्तै लुम्बिनीले पनि एलिमिनेटर खेल्नेछ । अब शनिबार हुने सुदूरपश्चिम र विराटनगरको खेलपछि लिगमा दोस्रो र तेस्रो स्थानमा रहने टोलीको टुंगो लाग्नेछ ।

# विश्वकप खेल्ने नेपाली महिला टोलीको बन्द प्रशिक्षण सुरु




**काठमाडौं/मस–** आइसीसी महिला टि-२० विश्वकपको ग्लोबल क्वालिफायर खेल्ने नेपाली महिला टोलीको बन्द प्रशिक्षण सुरु भएको छ ।

मूलपानीस्थित खेल मैदानमा शुक्रबारदेखि टोलीको बन्द प्रशिक्षण सुरु भएको हो । यसअघि नेपाल क्रिकेट संघ(क्यान) ले बिहीबार २६ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको थियो ।

उक्त टोलीमा इन्दु बर्मा, राजमति ऐरी, सीता रानामगर, सम्झना खड्का, कविता जोशी, रिया शर्मा, सोमु विष्ट, रचना चौधरी, रुवी पोदार, पूजा महतो, कविता कुँवर, रुविना क्षेत्री, साना प्रविन, अलिशा यादव, ईश्वरी विष्ट, रोमा थापा, सोनी पाख्रिन, विन्दु रावल, लक्ष्मी साउद, मनिषा उपाध्याय, सिमाना केसी, अनु कडायत, काजोल श्रेष्ठ, किरण कुँवर, अस्मिना कर्माचार्य र ममता चौधरी छन् ।

बन्द प्रशिक्षणपछि नेपालको अन्तिम टोली घोषणा हुने क्यानले जनाएको छ । आगामी जनवरी १२ देखि फेब्रुअरी १ सम्म नेपालमा आयोजना हुन लागेको ग्लोबल क्वालिफायरमा १० देश सहभागी हुँदैछन् । तीमध्ये शीर्ष चार देश सन् २०२६ को जुनमा इङ्ल्याण्डमा हुने महिला टि-२० विश्वकपमा छनोट हुनेछन् ।

ग्लोबल क्वालिफायरमा समूह 'ए' मा आयरल्याण्ड, स्कटल्याण्ड, थाइल्याण्ड, अमेरिका र जिम्वाबे छन् भने समूह 'बी' मा नेपालसहित बंगलादेश, नामिबिया, नेदरल्याण्ड र पपुवा न्यूगिनी रहेका छन् ।


## ओमनमा रोजगार

कम्पनी: GULF ROCK ENG — शहर: OMAN,SALALAHA
पूर्व स्वीकृत मिति: २०८१/०२/२७ चलानी नं.: ६०२२०७५८ LT. No.:305937 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY VEHICLE MECHANIC GENERAL | 1 | 0 | स. काममा दक्ष | 200 | ७४,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

AASTHA CONSULTING PVT.LTD
साबिक (Elite Human Resource Pvt. Ltd.)
श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal. Tel: +977-1-4987995, 4989849
Mob.: 9803031722, 9851088873, 9808875634, 9801188873, 9851072628
Email: aasthaconsultingnepal@gmail.com, www.asthaconsulting.com.np

## यूएईमा रोजगार

कम्पनी: MAHIE SRI ELECTROMECHANICAL CONTRACTING CO. L.L.C — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०२/०१ चलानी नं.: ६०२३७८३३ LT. No.: 323822 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason (Nepal) | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steel Fixer | 3 | 0 | | 1200 | ४६,९४४ | | | | | | | |
| 3. | Tile Layer | 1 | 0 | | 1200 | ४६,९४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

J.S.N. International Pvt. Ltd.
Sambhumarg, Airport-09, Kathmandu Tel No: 01-4959573, 01-4964548. Mobile No: : 9851113396
E-mail- info.jsninternational@gmail.com, Web.: jsnintl.com.np
श्रम इजाजत नं. १२१४/०७३/०७४

## साउदी र युएईमा रोजगार

कम्पनी : SAFRA AL MA'ALI EST. FOR DRINKS PROVIDERS — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८२/०८/१५ चलानी नं.: ६०२४८४६० L.T. No.:334344

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 6 | 0 | स. काममा दक्ष | 1300 | ४९,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INDUSTRIAL COFFEE STANDARDS COMPANY ONE PERSON COMPANY — शहर: JEDDAH
पुर्व स्वीकृत मिति: २०८२/०८/१५ चलानी नं.: ६०२४८४६१ L.T. No.:334203

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 4 | 0 | स. काममा दक्ष | 1300 | ४९,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C — शहर: ABU DHABI
पुर्व स्वीकृत मिति: २०८२/०८/१५ चलानी नं.: ६०२४४०२१ L.T. No.:330214 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bulding Worker | 196 | 0 | स. काममा दक्ष | 1000 | ३९,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७, २८ र २९ गते (13, 14 & 15 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीको रु.१०,००० युएईको नि:शुल्क |

K L Employment Service (P) Ltd.
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४५६४११३, ४५९३१८०,
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np
श्रम इजाजत नं.: ७०१/०६३/०६४


कर्णाली प्रदेश सरकार
भुमि व्यावस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
## कृषि विकास कार्यालय, डोल्पा

### उत्पादक तथा अधिकृत विक्रेतादुवारा निर्धारित दरमा (क्याटलग सपिङग) विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०८/१९)**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) को ८, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख तथा उत्पादक वा अधिकृत विक्रेतादुवारा निर्धारित दरमा (क्याटलग सपिङग) खरिद कार्यविधि २०७४ बमोजिम उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरुविच मात्र प्रतिस्पर्धा गराइ क्याटलग सपिङग विधिबाट यस कार्यालयको लागि 4WD Double CAB PICKUP थान १ (एक) सवारी साधन खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुबाट फर्म दर्ता प्रमाण पत्र, एजेन्सी दर्ता प्रमाण पत्र Letter of authorization मुल्यबृदि कर दर्ता प्रमाण पत्र र आ.ब. २०८१/०८२ को करचुक्ताको प्रमाण पत्र अथवा यस आर्थिक बर्ष को पुस मसान्त सम्मको करचुक्ता म्यादथपको प्रमाण पत्र समाबेस गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार तोकिएको स्पेसिफिकेसन, गुणस्तर, कम्पनीको मुल्य खुल्ने र सुविधा सहितको विवरण (रंगिन क्याटलग/ब्रोसर) समेत संलग्न गरी सुचना प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समय भित्र फरक फरक (प्रविधिक र आर्थिक) सिलबन्दी खामको बाहिर विस्तृत ठेगाना र लाहाछाप सहितको यस कार्यालयमा निबेदन दर्ता गर्न हुन सम्बन्धित उत्पादक वा अधिकारीक बिक्रेताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ । निबेदन दर्ता गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा त्यस पछि कार्यालय खुल्ने दिन निबेदन दर्ता गर्न सकिने छ । खरिद गरिने सवानरी साधनको स्पेसिफिकेसन सम्बन्धि थप जानकारी यस कार्यालयको वेभसाइट www.adodolpa.gov.np तथा खरिद इकाईबाट प्राप्त गर्न सकिनेछ । पेश हुन आएका प्रस्ताबहरु स्वीकृत गर्ने एवंम खरिद प्रक्रिया जुनसुकै बखत रद् गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**खरिदको विवरण**

| क्र सं | खरिद गर्नु पर्ने मालसामानको नाम | संख्या | स्पेसिफिकेसन | कैफियत |
|---|---|---|---|---|
| १ | 4WD Double CAB PICKUP | १ (एक) | Supply and delivery of **4WD Double CAB PICKUP** four-wheel drive suitable for driving at hilly rough road driving in Nepal at an altitude up to 2500 meter, Gross vehicle weight of the vehicle shall not be less than 2500KG. Payload not less than 900 kg and shall have seating capacity for at least 5 persons including driver. Having turbocharged intercooled diesel engine developing maximum rated power output not less than 45Kw at governed RPM with torque min. 190 NM at governed RPM, with manual shift at least five forward and one reverse transmission. | संक्षिप्त विवरण उल्लेख नभएको कुराहरु Technical Specification बमोजिम हुने छ |


## साउदी र कुवेतमा रोजगार

१. कम्पनी: Al Majd Basket Grocery for Foodstuffs — शहर: Jeddah
पूर्व स्वीकृत मिति: २०८२/०८/१६ चलानी नं.: ६०२४८४८० L.T. No.: 334680

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelves Coordinator | 2 | 0 | स. काममा दक्ष | 1000 | ३८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: Alhobail Medical Company — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८२/०८/१९ चलानी नं.: ६०२४८४८२ L.T. No.: 334817

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaner | 1 | 0 | स. काममा दक्ष | 1200 | ४५,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: Rukn Saj Trading Establishment — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८२/०८/१६ चलानी नं.: ६०२४८४८१ L.T. No.: 334650

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing and packaging worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: Arabian Luxury Tailoring Est. for Men's Tailoring — शहर: Al Khobar
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं.: ६०२४१७०५ L.T. No.: 327547 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MENS CLOTHING TAILOR | 1 | 0 | स. काममा दक्ष | 1700 | ६५,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: Sports balance horizon Foundation — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८२/०५/०५ चलानी नं.: ६०२४३७५९ L.T. No.: 329775 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Technicians | 2 | 0 | स. काममा दक्ष | 1500 | ५७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: FARIDA RESTAURANT FOOD SUPPLIES COMPANY — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०८/१९ चलानी नं.: ६०२४८४७९ L.T. No.: 334843

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६५,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Barista | 1 | 0 | | 140 | ६५,५७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी १ निशुल्क अन्य सबै रु. १०,००० |

Al Taaz International Pvt. Ltd.
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## मलेसियामा रोजगार

कम्पनी : PEDAS HOT SPRING & FOOD RESORT SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०८/१९ चलानी नं.: ६०२४८४६९ LT. No.:334883

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 17 | 0 | स. काममा दक्ष | 1700 | ५९,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २८ गते (14 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

A.S. INTERNATIONAL GROUP PVT. LTD — Gov. Lic. No 1155/073/74
Samakhusi-26, Kathmandu Nepal, Tel: 01-5900381/5901381, Mobile: 9705215025, 9801082460, 9801082461, 9801082462 Email: asintldemand@gmail.com.

## युएईमा रोजगार

कम्पनी: JUMA SALMIN BUILDING CLEANING LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/२१ चलानी नं.: ६०२१७९४८ L.T. No.: 303014 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 30 | 0 | स. काममा दक्ष | 1000 | ३८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

BROTHER RECRUITMENT
श्रम इजाजत पत्र नं.: १६३९/०८०/०८१
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304, Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035
Itahari Contact No: 9816368105/9810591900

## साउदीमा रोजगार

कम्पनी : JAWA HUMAN RESOURCES COMPANY — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८२/०३/१९ चलानी नं.: ६०२४०५६२ L.T. No.: 325494 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load Unload Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packing& Packaging Worker | 15 | 0 | | 1000 | ३८,२८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४

## युएईमा रोजगार

कम्पनी: IMDAAD LLC — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०३/२२ चलानी नं.: ६०२४०८३६ L.T. No.: 326836 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 130 | 26 | स. काममा दक्ष | 1000 | ३९,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

DK RIVER OVERSEAS PVT.LTD. — Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu, Tel : 01- 4980932/4955132, 9851219532, 9765566456

## कुवेत र मलेसियामा रोजगार

कम्पनी: AHL AL KHALEEJ GENERAL TRADING &CONTRACTING CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मिति:२०८२/०८/१९ चलानी नं.: ६०२४८४५४ LT. No.:334836

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 180 | ८४३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dozer Operator | 20 | 0 | | 225 | १०५३९४ | | | | | | | |
| 3. | Civil Engr. | 9 | 0 | | 500 | २३४२१० | | | | | | | |
| 4. | Terminal Truck/ Trailer Drivers | 20 | 0 | | 200 | ९३६८४ | | | | | | | |
| 5. | Loder | 20 | 0 | | 225 | १०५३९४ | | | | | | | |
| 6. | Safety Officer | 10 | 0 | | 300 | १४०५२६ | | | | | | | |

कम्पनी: GULF FREIGHT LINE SDN. BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति:२०८२/०८/१९ चलानी नं.: ६०२४८४५३ LT. No.:334848

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouseman/Storkeeper | 3 | 0 | स. काममा दक्ष | 1700 | ५९,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

DREAMLAND RECRUITMENT PVT. LTD. — Govt. Lic. No. 1785/082/083
OM Nagar, Sinamangal-09, Kathmandu, Nepal, Phone: +977- 01-5929454. Mobile No: 9852835454,9827754064.
E-mail: info@dreamlandrecruitment.com, dreamland2025p@gmail.com Web: www.dreamlandrecruitment.com

## साउदीमा रोजगार

कम्पनी: MOUWASAT MEDICAL SERVICES — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०३/०१ चलानी नं.: ६०२३९७४१ L.T. No.:325624 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse Technician | 0 | 2 | स. काममा दक्ष | 3000 | ११४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Dynamic Sales & Services (P) Ltd.
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal.Phone: 00977-1- 4354614,4356831, 4356625.
Fax: 00977-7- 4355570 E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com
श्रम इजाजत नं. १०९/०५४/०५५

## यूएईमा रोजगार

कम्पनी: AMAN TAXI - SOLE PROPRIETORSHIP LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८१/१०/२० चलानी नं.: ६०२३२३३२ L.T. No.: 318205 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Drivers | 47 | 0 | स. काममा दक्ष | 1500 | ५८,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ र २९ गते (13 & 15 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता होटेल दिव्य श्री कास्की, पोखरामा २०८२ मंसिर २८ र पुस १ गते (14 & 16 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता होटेल रेड कार्पेट चितवनमा २०८२ मंसिर २८ र पुस १ गते (14 & 16 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता डोल्से रेष्टुरेन्ट, रुपन्देहीमा २०८२ पुस १ गते (16 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

STARIS HR SERVICES PVT. LTD.
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575
श्रम इजाजत नं. १३२४/०७४/०७५

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२० मंसिर २०८२ शनिबार
6 December 2025 Saturday

# चलचित्र क्षेत्रमा बैंक ऋण सहज बनाउन माग



**काठमाडौं/मस–** चलचित्र विकास बोर्डका अध्यक्ष दिनेशराज दाहालले चलचित्र क्षेत्रमा बैंक ऋण तथा वैदेशिक लगानी सहज हुनेगरी 'चलचित्र विधेयक'लाई समृद्ध बनाउन आग्रह गरेका छन् ।

शुक्रबार राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको बैठकमा चलचित्र विधेयकमाथि भएको छलफलमा बोल्दै अध्यक्ष दाहालले प्रस्ट नीतिको अभावले चलचित्र क्षेत्र समस्या र अनिश्चिततामा परेको बताउँदै विधेयकलाई छिटो निष्कर्षमा पुऱ्याउन आग्रह गरे । उनका अनुसार बैंकहरूले चलचित्रलाई बौद्धिक सम्पत्तिको धितोका रूपमा मान्यता नदिँदा उद्योग जोखिममा परेको छ । चलचित्रमा लगानी जोखिमपूर्ण मानिने सोचका कारण बैंकहरूले ऋण दिन हिच्किचाउने अवस्था रहेको भन्दै यसलाई सरल बनाउन आवश्यक नीति व्यवस्था चाहिएको दाहालको भनाइ छ ।

अध्यक्ष दाहालले चलचित्रकर्मीहरूका लागि चलचित्र नै मुख्य बौद्धिक सम्पत्ति रहेको उल्लेख गर्दै, बैंकहरूले यसलाई धितोका रूपमा स्वीकार गर्नुपर्ने आवश्यकता औंल्याए । 'घरजग्गा राख्दा बैंक ऋण दिन तयार हुन्छ तर चलचित्रलाई बौद्धिक सम्पत्ति मानेर ऋण दिन बैंकहरू तयार हुँदैनन्,' उनले भने । उनले चलचित्र पूर्ण रूपमा सांस्कृतिक सामग्री मात्र नभई सञ्चारको शक्तिशाली माध्यम भएकाले मातृभाषामा बनेका चलचित्रका लागि बोर्डले सेन्सर शुल्क हटाउने गरी काम गरिरहेको जानकारी दिए ।

अध्यक्ष दाहालले नेपाली चलचित्र र विदेशी चलचित्रबीच सिनेमा हलमा हुने विभेद अन्त्य गर्न पनि विधेयकले स्पष्ट नीति समावेश गर्नुपर्ने उल्लेख गरे । दाहालले चलचित्र क्षेत्रमार्फत पर्यटन प्रवर्धनमा टेवा पुग्नेगरी सरोकारवालाको सुझाव समेट्दै विधेयकलाई थप समृद्ध बनाउनु आवश्यक रहेको बताए ।

# 'द ब्ल्यु लाइट'मा बेनिशाको तीन फरक लुक्स




**काठमाडौं/मस–** आगामी पुस १० गते प्रदर्शनमा आउने फिल्म 'द ब्ल्यु लाइट'को नयाँ पोस्टर सार्वजनिक भएको छ । सार्वजनिक पोस्टरमा फिल्मका मुख्य तीन कलाकार फिचर्ड छन् । तीन कलाकार रहे पनि पोस्टरको केन्द्रमा अभिनेत्री बेनिशा हमाल छिन् । बेनिशा तीन ठाउँमा छिन् । सबैभन्दा ठुलो आकृतिमा उनी प्रशन्न मुद्रामा देखिएकी छन् । जहाँ उनको मुहार मात्रै देखिन्छ ।

सिनेमामा क्यारेक्टर झल्काउने अर्को उनको लुक्स पनि छ, जहाँ उनको हातमा सिगरेट छ । रेलिङमा उनी अडेस लागेकी छन् । जहाँ उनी तनावमा छिन् । हातका पाँचवटै औंलामा औंठी छ । एउटै औंलामा दुईटा औंठी पनि देख्न सकिन्छ । अर्को एक ठाउँमा पनि छिन्, बेनिशा । यहाँ उनी महेश त्रिपाठीसँग टेबुलमा छिन् । आमनेसामने रहेकाले यहाँ यी दुईबीच केही संवाद भइरहेको अनुमान लगाउन सकिन्छ । ग्रिष्मा कटुवाललाई पनि पोस्टरमा देख्न सकिन्छ । उनी आँखाभरि आँसु बनाएर रोइरहेकी छन् । पोस्टरमा निलो लाइट छ, यो कलरले चलचित्रको नामको टोन दिने प्रयास गरेको छ । पोस्टरले आशा र निराशाबीचको कथा अथवा उताचढावपूर्ण जिन्दगीको कथा सिनेमामा रहेको संकेत गरेको छ ।

बलिराम चौहानको निर्देशन रहेको 'द ब्ल्यु लाइट' पुस १० गतेबाट प्रदर्शन हुँदै छ । उनको यो डेब्यु निर्देशन हो । यस फिल्ममा बेनिशासहित अर्पण थापा, आयुसमान देशराज जोशी, सृष्टि श्रेष्ठ, महेश त्रिपाठी र सुरक्षा इटानी छन् । यस्तै, चलचित्रको बाल कलाकारमा ग्रिष्मा कटुवाल र सहारा शर्माको अभिनय छ ।

साइकोलोजिकल थ्रिलर जनरामा निर्माण भइरहेको चलचित्रलाई स्काइफल पिक्चर्सले प्रस्तुत गर्दै छ । 'द ब्ल्यु लाइट'को को-प्रोडुसरका रूपमा रमन ग्रे रहेका छन् । चलचित्रको छायांकन नरेन्द्र मैनालीले गरेका छन् ।



# 'मिरमिरे'को टिजरमा बाबाछोरीको सम्बन्ध

**काठमाडौं/मस–** यम शेर्पाको लेखन तथा निर्देशन रहेको चलचित्र 'मिरमिरे'को टिजर सार्वजनिक गरिएको छ । माघ १ गतेबाट प्रदर्शनमा आउने चलचित्रको टिजर शुक्रबार सार्वजनिक भएको हो ।

टिजरमा सिनेमाका मुख्य कलाकारलाई देख्न सकिन्छ । टिजरमा बाबा र छोरीको इमोस्नल सम्बन्ध देखाइएको छ । आमाको अनुपस्थितिमा बुबासँग रहेकी छोरी र उनीहरूबीचको इमोस्नल सम्बन्धको कथा टिजरमा देख्न सकिन्छ ।

बुवाको भूमिकामा दयाहाङ राई छन्, जसले छोरी (साइसा गौचन)को लालनपालन र शिक्षाको जिम्मेवारी उठाएका छन् । यसका लागि उनी स्कुलमा काम गर्छन् । छोरीले जानअञ्जानमा नै आमाको अभाव महसुस गरिरहेकी छन् । यो दयाहाङले पनि महसुस गरेका छन् ।

सिर्जना निङलेखु स्कुलकी शिक्षिका हुन् । उनी त्रिकोणात्मक प्रेममा रहेको छनक टिजरले दिएको छ । दयाहाङ राई र प्रकाश सपूतसँग उनी प्रेममा रहेको हो कि भन्ने सिनेमाको संवाद र दृश्यले देखाएको छ । टिजरको अधिकांश समय दयाहाङ राईले ओगटेका गरेका छन् । 'मिरमिरे'ले आमाको अभावमा बाउले हुर्काएका सन्तान र बुबाको इमोस्नल जर्नीको कथा भन्ने टिजरले प्रस्ट पारेको छ । पारिवारिक कथा र इमोस्नल यात्रा भएकाले दर्शकको नजरमा सिनेमा पर्न सक्ने टिजरले संकेत गरेको छ ।

यार्सा फिल्म्सको प्रस्तुति रहेको चलचित्रमा दयाहाङ राई, प्रकाश सपूत, सिर्जना निङलेखु, माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, साइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेल छन् । निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माता रहेको 'मिरमिरे'का सहनिर्मातामा गोविन्द बोहरा र सुदीप कुँवर छन् । यो चलचित्रको कार्यकारी निर्मातामा आरआर फिल्मसका सञ्चालकसमेत रहेका चलचित्र वितरक रोहित कट्टेल रहेका छन् ।

वीरेन्द्र शाही लाइन प्रोड्युसर रहेको यस चलचित्रमा सुदीप कुँवर मुख्य सहायक निर्देशक, सञ्जु थलाङ लिम्बु मेकअप र दिलिप पन्त निर्माण नियन्त्रक रहेका छन् ।

चलचित्र 'मिरमिरे'को देशभर वितरणको जिम्मेवारी रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्मसले लिएको छ ।

# नेपाली चलचित्रमा दर्शकको बढ्दो आकर्षण

**काठमाडौं/मस–** पछिल्लो समय प्रदर्शन भएका नेपाली चलचित्रलाई दर्शकले साथ दिइरहेका छन् ।

केही वर्ष अगाडिसम्म चाडपर्वमा नेपालीभन्दा विदेशी चलचित्रको वर्चस्व देखिन्थ्यो तर पछिल्लो समय नेपाली दर्शकको प्राथमिकतामा नेपाली चलचित्र नै परेको पाइएको छ । नेपाली कला र संस्कृतिसँगै सामाजिक कथा समावेश गरेर तयार गरिएका प्रदर्शनरत चलचित्रले दर्शकको साथ पाउँदा घरेलु बजारमा राम्रो व्यापार गरेका छन् ।

चलचित्र विकास बोर्डअन्तर्गत रहेको 'बक्सअफिस २ सिनेपाः'ले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार नेपाली चलचित्र हेर्ने दर्शक बढिरहेको पाइन्छ । चलचित्र भवनमा प्रदर्शनरत 'परान', 'जेरी अन टप', 'जारी २', 'मन विनाको धन' लगायतका चलचित्रमा दर्शकको चाप उस्तै छ । आजदेखि प्रदर्शन भएको चलचित्र 'अभिमन्यू : च्याप्टर १' मा पनि दर्शकको आकर्षण बढेको पाइएको छ । उल्लिखित चलचित्रमा नेपाली समाज, परिवेश, संघर्ष र प्राकृतिक सुन्दरता लगायतका विषयलाई कदरमा राखिएको छ ।

गत कात्तिक १४ गतेदेखि प्रदर्शनरत चलचित्र 'परान'ले घरेलुबजारमा रु १६ करोडभन्दा बढीको व्यापार गरिसकेको छ । पारिवारिक कथामा तयार भएको उक्त चलचित्रले स-परिवारलाई चलचित्र भवनसम्म ल्याउन सफल भएको निर्देशक दीपकप्रसाद आचार्यले बताए ।


नीर शाह, मदनकृष्ण श्रेष्ठ जस्ता दिग्गज अभिनेताले अभिनय गरेको उक्त चलचित्रमा बुबाछोराको कथालाई देखाइएको छ । उक्त चलचित्रमा केकी अधिकारी, महेश त्रिपाठी, पूजा चन्द, अञ्जना बराइली लगायतका कलाकारले अभिनय गरेका छन् ।

चाडपर्वलाई लक्षित गर्दै प्रदर्शन भएका नेपाली चलचित्रमा दर्शकको उपस्थिति बलियो देखिएको छ । विदेशीको तुलनामा नेपाली चलचित्रप्रतिको आकर्षण बढेको देखिँदैछ । घरेलु बजारमा नेपाली चलचित्रले गरिरहेको कमाईले समग्र चलचित्र क्षेत्रलाई नै सकारात्मक सन्देश प्रवाह गरेको वितरक करण श्रेष्ठले बताए ।

उनले दर्शकको विश्वास जित्ने चलचित्र आगामी दिनमा पनि तयार गर्न निर्माता तथा निर्देशकलाई आग्रह गरे । निर्देशक पुर्नेन्दु झाले पनि पछिल्लो समय नेपाली चलचित्र हेर्ने प्रचलन बढेको महसुस गरेको बताए । विशेष प्रदर्शनी वा चलचित्र भवनमा पुगेर प्रदर्शन भएका प्रायः चलचित्र हेर्ने गरेको उनले जानकारी दिए ।

# 'तरंग'मार्फत डेब्यु गर्दै वरुण






**काठमाडौं/मस–** मोडलिङबाट चर्चा पाइरहेका वरुण अधिकारी अब ठुलो पर्दामा डेब्यु गर्ने भएका छन् ।

अभिनेता प्रदीपकुमार चौधरीको डेब्यु निर्देशनमा निर्माण हुन लागेको चलचित्र 'तरंग'मार्फत मोडल वरुणले ठुलो पर्दामा डेब्यु गर्न लागेका हुन् ।

एक दर्जनभन्दा बढी म्युजिक भिडियोमा अभिनय गरिसकेका वरुण अब पहिलोपटक फिचर फिल्ममार्फत दर्शकमाझ आउन लागेसँगै उत्साहित छन् ।

फिल्मको कथा, पात्र र निर्देशकको विश्वासले आफूलाई 'तरंग'मा जोडिएको वरुणले बताए । 'मेरो भूमिका शक्तिशाली छ । टिमको भरोसा मिहिनेतले उतार्नेछु,' उनले भने । आफ्नो पात्रलाई दर्शकले रुचाउनेमा उनी विश्वस्त छन् । यो चलचित्रको पटकथा लेखन पनि निर्देशक चौधरी स्वयंकै रहेको छ । फिल्म मनोरम प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको चलचित्रको निर्माता सुजन राई र तर्कराज जोशी रहेका छन् ।

'सुपरन्याचुरल लभस्टोरी' जनरामा तयार हुने 'तरंग'को छायांकन इटहरी, धरान, बेलबारी, चतरा, चितवन, बुटवल, पोखरा र भेडेटारलगायत स्थानमा हुनेछ । यो सिनेमाको छायांकन केही दिनदेखि बेलबारीमा भइरहेको छ । करिब २ करोड रुपैयाँ बजेटमा तयार हुन लागिरहेको चलचित्रको मुख्य भूमिकामा वरुणसँगै रविना केसी, बारत लिम्बु, कृष्ण थापा, सारा राई, उजल राई र उत्तम गुरुङलगायतका कलाकारको अभिनय रहनेछ ।

चलचित्रका छायाकार महेश पौडेल रहेका छन् भने निर्माण नियन्त्रकको भूमिकामा रिजन परियार छन् ।

Sudurpaschim Province Government

**Ministry of Industry, Tourism, Forestry and Environment**
**Province Tourism Development Programme Implementation Unit (PTDPIU)**
Dhangadhi, Kailali

**INVITATION FOR ELECTRONIC BIDS**

**Date of First Publication:- 2082/08/17**

1. Province Tourism Development Programme Implementation Unit (PTDPIU) invites electronic bids from Nepalese eligible bidders for the following work/supply under National Competitive Bidding procedures.

| IFB No. | Name of Project | Bid Security Amount *(NRs.)* | Estimated Amount *(NRs., Exclusive PS &VAT item )* | Cost of Bidding Document *(NRs.)* |
|---|---|---|---|---|
| PTDPIU/WORK/NCB/2082/083-01 | Construction of Nanakedar temple Bogtanruralmuncipality-07 Doti | 1,40,000 | 48,69,519.35 | 3000 |
| PTDPIU/WORK/NCB/2082/083-02 | Construction of BhumirajMandirBharanghar And DharmshalaNirmanDashrathchandMuncipality10,Baitadi | 90,000 | 34,07,305.52 | 3000 |
| PTDPIU/WORK/NCB/2082/083-03 | Construction of Shiv Temple &Compound wall Dhangadhi Sub-Metropolitian-12, A Ganu,Kailali | 63,000 | 24,19,407.42 | 3000 |
| PTDPIU/WORK/NCB/2082/083-04 | construction of nanakedarfoothpath and DharamsalaBogtan Rural municipality-07 Doti | 70,000 | 24,35,938.4 | 3000 |
| PTDPIU/WORK/NCB/2082/083-05 | Construction of Shiv Shankar Naag Temple Kailari Rural Manucipality-06,BankattaGanu,,Kailali | 63,000 | 24,22,294.35 | 3000 |
| PTDPIU/WORK/NCB/2082/083-06 | onstruction of GausiyaMadarasaMasjitSewaSamajDhangadhi Sub-Metropolitian-1 & 2, Kailali | 75,000 | 29,06,498.61 | 3000 |
| PTDPIU/WORK/NCB/2082/083-07 | Ashigram Mandir Hatabhitra bhagawati mandir Naba Nirman Bhageshwar Rural Municipality 02 Dadeldhura | 63000 | 24,25,720.57 | 3000 |
| PTDPIU/WORK/NCB/2082/083-09 | Construction of ParsuramDham ma DharmashalaParsuram Municipality Dadeldhura | 63000 | 24,25,246.08 | 3000 |
| PTDPIU/WORK/NCB/2082/083-10 | Construction of DilasainiBhagwatiMandirNirman Purchudi Municipality 07 | 63000 | 24,25,016.28 | 3000 |
| PTDPIU/WORK/NCB/2082/083-11 | Kailash DhamAdhuroManidr ma BhautikSanrachananirman | 3,21,000 | 1,46,01,872.35 | 3000 |

2. Bid Validity Period for all Contracts 90 (Ninty) days.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Province Tourism Development Programme Implementation Unit ( PTDPIU) or Ministry of Industry, Tourism, Forest and Environment, Dhangadhi, Kailali, Sudurpaschim Province&PPMO's website www.bolpatra.gov.np.

**Unit Chief**

**गौर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गौर, रौतहट**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८२/०८/२० गते**

यस कार्यालयबाट मिति २०८२/०३/०८ गते गौर नगरपालिका वडा नं. १ मा Construction of Administrative Building Gaur Municipality को लागि विधुतीय बोलपत्र (ई बिडिङ्ग) पेश गर्न प्रकाशित सार्वजनिक सूचना अनुसार मिति २०८२/०४/११ गते दिउसो १२ बजे सम्म दर्ता हुन आएका विधुतीय बोलपत्र मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | योजनाको नाम तथा स्थल | छनौट भएको बोलपत्रदाताहरुको नाम र ठेगाना | सकार रकम (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | GM/NCB/W/4/2081/082 | Construction of Administrative Building Gaur Municipality | Bans/om/Rns JV | 3,71,30,060.00 | |

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**